नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218






वर्ष १ · अंक ६१ · २०७९ साल पुस २५ गते सोमवार · Monday 9, Jan. 2023 · पृष्ठ ८ · मूल्य रु. ५/-


# ट्राफिक प्रहरीको अवैध असुली

## सरकारलाई अर्बौंको क्षति

मधेशदृष्टि
जनकपुरधाम, २४ पुस । ट्राफिक प्रहरी कार्यालय पर्साको अवैध असुलीका कारण नेपाल सरकारलाई अर्बौ रुपैयाको क्षति हुँदै आएको खुलासा भएको छ। ट्राफिक इन्चार्जले आफ्नो कमाईका लागि नेपाल सरकारलाई दैनिक लाखौ रुपैया राजश्वको क्षति गराउँदै आएको छ । ट्राफिक प्रहरीले ओभरलोड मालवाहक गाडीलाई कारवाहीका लागि यातायात कार्यालय नपठाई तिनीहरुबाट प्रतिगाडी इन्ट्रीको नाममा एकदेखि २ सय र ओभरलोडिङ्ग भनेर थप ५ सय भारतीय रुपैया अवैध रुपमा लिने गरेको छ।

चालु आर्थिक वर्ष २०७९/८० को पुस १६ गतेसम्म एउटा पनि ओभरलोड मालवाहक गाडी जरिवानाका लागि यातायात कार्यालयमा पठाएका छैनन्। मधेशदृष्टि समाचारका लागि खोजबीन गर्न थालेको खबर पाए लगतै १७ गतेदेखि २४ गते दिउंसोसम्म मात्र ३६ वटा गाडी जरिवानाका लागि यातायात कार्यालय पठाएका छन। ती मात्र ३६ वटा गाडीबाट ५ लाख ६४ हजार ४४ हजार रुपैया जरिवाना असुल भएको छ।

यातायात व्यवस्था कार्यालय पर्साका प्रमुख रेगमीका अनुसार चालु आ.ब. को पुस १६ गतेसम्म एउटा पनि मालवाहक गाडी कारवाहीका लागि पठाइएको छैन । तर पुस १७ गतेदेखि जिल्ला ट्राफिक कार्यालयबाट २४ वटा र प्रादेशिक ट्राफिक कार्यालयबाट १२ वटा गाडी कारवाहीका लागि मात्र पठाइएको छ। "जिल्ला ट्राफिक कार्यालयले कारवाहीका लागि पठाएको ओभरलोड २४ वटा मालवाहक गाडीबाट ३ लाख २३ हजार ४ सय ५ रुपैया र प्रदेशिक ट्राफिक कार्यालय पथलैयाबाट पठाइएको १२ वटा ट्रकबाट जरिवाना वापत २ लाख ४० हजार ६ सय ३९ रुपैया असुल भएको उनले भने।" दैनिक बोर्डर हुँदै ५ सयदेखि ६ सय गाडी नेपाल भित्रिने गरेको छ।



ती मालवाहक गाडीहरु ओभर लोड नै हुन्छन्। ट्राफिक प्रहरीले लिने जरिवानाको नै आधार लिने हो भने ओभरलोड प्रतिगाडी २ हजार रुपैयाको दरले मात्र तीन सय गाडीको दैनिक ६ लाख, मासिक १ करोड ८० लाख र वार्षिक २१ करोडभन्दा बढीको रकम र ाजश्व राज्यलाई राजश्व ट्राफिक प्रहरीले नो क्सान गर्दै आएको छ। विगतका बर्षहरुमा पनि वीरगंजमा ट्राफिक प्रहरी अवैध असुलीले बदनाम रहेको र तत्कालिन एसपी रमेश खरेलको पालामा पूर्ण रुपमा ट्राफिकको अवैध असुली बन्द गराएको भए पनि हाल आएर ट्राफिक प्रहरीका जिल्ला इन्चार्जले खुलेयाम रुपमा रकम उठाउने र सो रकम ट्राफिक प्रहरीको माथिल्लो निकाय सम्म पुर्याउने गरेको श्रोतले जनाएको छ।

ओभरलोड मालवाहक गाडीलाई कारवाही हुन नसक्दा वीरगंजमा हालै निर्माण गरिएका अर्बौं रुपैया बराबरको पथलैया करिडोर हाइवे सडक खण्ड क्षतिग्रस्त भइरहेको छ। ट्राफिक प्रहरी प्रमुखको अवैध कमाईका कारण राज्यलाई अर्बौंको राजश्व नोक्सानी मात्र नभई अबौंको लागतमा बनेका सडक समेत क्षतिग्रस्त हुँदै गएको छ।

## इन्ट्रीको नाममा अवैध असुली

भारतबाट रक्सौल बोर्डर हुँदै आइसीपीबाट नेपाल छिर्ने ओभरलोड ट्रक, कन्टेनर, जीप, ट्र्याक्टर लगायतका मालवाहक गाडीबाट प्रवेश शुल्कको नाममा वीरगंजका विभिन्न ठाउँमा राखिएका ट्राफिक बीटमा ट्राफिक प्रहरीले प्रवेश शुल्कको नाममा एकसयदेखि २ सय र ओभर लोड भनेर ५ सय रुपैयासम्म अवैध रुपमा असुल्ने गरेको पाइएको छ। यसबाट ट्राफिकले अढाईदेखि तीन लाख रुपैसम्म दैनिक अवैध रुपमा असुल्ने गरेको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बीरगंज पर्साबाट प्रहरी निरिक्षक ध्रुव दाहालको निर्देशनमा खटिएका ट्राफिक विटका प्रमुखहरुले बीरगंज पथलैया रुट, परवानीपुर आईसिपी रुट, बीरगंज रक्सौल रुट र ग्रामिणक्षेत्रका विभिन्न नाकाहरुमा अवैध रकम लिने गरेको गुनासो चालकहरुको रहेको छ।

चालकहरुका अनुसार ड्राइपोर्ट चोक, परवानीपुर चोक, गण्डक पोष्ट, पावर हाउस चोक, जगरनाथपुर चोक र बहुअर्वा भट्टा पोष्टमा ट्राफिक प्रहरीले भारतीय एक सय रुपैयादेखि ५ सय रुपैयासम्म अवैध रुपमा लिने गरेको छ।

तिनीहरु भन्छन "ड्राईपोर्ट, परवानीपुर चोक, र गण्डक पोष्टमा एक सयदेखि २ सयका दरले र पावर हाउस तथा बहुअर्वा भट्टामा एक सयका दरले रकम लिने गरेको छ। यी बाहेक ओभर लोड भनेर पांचसय रुपैया लिने गरेको छ। तर त्यसवापत कुनै रसिद दिइदैन।"

भारतको गुजरातबाट मालसमान बोकेर आएका बी १२ एन ४२०२ नम्बरका ट्रक चालक सुखबिर सिंहले गुनासो पोख्दै भने "बहुत दिक्कत है भन्सार से बाहर आने के बाद चौक पे ट्रक रोकेर ट्राफिक प्रहरी ने इन्ट्री करना है कहकर १ सय रुपैया लिया, क्या चिज का पैसा है पुछने इन्ट्री रेट है बोला और रसिद भी नही दिया।"

त्यस्तै भारतको बिहार बाट धान लिएर आएका यूपी ८३ एम ९०९८ नम्बर ट्रकका चालक अमरेन्द्र महतोले "इन्ट्री फी के नाम पर २ सय रुपैया और ओभर लोड है कहकर ५ सय अलग से

बाँकी पृष्ठ ६ मा

## ट्राफिकले रकम कसरी असुली गर्छ

नेपाली मालबाहक ट्रक तथा कन्टेनरबाट ओभर लोड गरेवापत न्युनतम रकमको रसिद काटेर देखाउने तर अवैध रुपमा भित्रि साठगाठ गरी मासिक रुपमा रकम लिने।

भारतीय गाडीसँग प्रत्येक ट्रक चालकसँग भारु सय देखि दुई सय सम्म रकम लिने।

आईसिपीबाट भित्रिएका भारतीय माल बाहक ट्रक, जिप, ट्र्याक्टर लगायतका सवारी साधनबाट फर्किने बेलामा समेत प्रति गाडी २ सय रुपैया दिनु पर्ने बाध्यता।

जसले बढी रकम बोल कबोल गर्छ उसैलाई अवैध असुली हुने ठाउँमा खटाईने गरीन्छ। हाल वीरगंजको ड्राईपोर्ट अस्थायी पोष्टमा असई सन्तोष भण्डारीको कमाण्डमा ६ जना, परवानीपुर अस्याथी पोष्टमा सई प्रविण कार्कीको कमाण्डमा ४ जना, गण्डकमा वरिष्ठ हवल्दारको नेतृत्वमा ३ जना खटेका छन्।

## ट्राफिक प्रमुख भन्छन् त्यस्तो छैन

ट्राफिक प्रहरीले अवैध रकम असुली रहेको बारे जिल्ला ट्राफिक प्रमुख ध्रुव दाहाल ठाडो अस्वीकार गर्छन। उनले नाटकीय रुपमा भने ट्राफिक प्रहरीले अवैध रकम असुली रहेको मलाई लाग्दैन, यदि त्यस्तो छ भने ती ट्राफिक प्रहरी कारवाहीमा पनेर्छ।

दाहालले भने मलाई लाग्दैन कुनै ट्राफिक प्रहरीले आफ्ना कैरियर बर्बाद गर्न यस प्रकारको अवैध रकम असुली गर्छन। बोर्डर हुँदै नेपाल कति गाडी छिर्छन बारे पनि उनलाई थाहा छैन। मधेशदृष्टिले राखेको जिज्ञासामा उनले भने आफू जिल्लामा छु बोर्डरमा कति मालवाहक गाडी छिर्छन बारे थाहा छैन। उनले ड्राईपोर्टमा खटिएका इन्चार्ज सन्तोष भण्डारीको नम्बर दिएर तर उनले आफू गाडीमा छु भनेर कुरा गर्न चाहेन। बरु निरज यादव भन्ने ट्राफिक मोबाइल नम्बर दिए उनले पनि आफूलाई थाहा छैन भनी आइसीपीसँग सोध्नु भनेर कुरा टालिदिए।

## बीटमा खटिएकाले दैनिक हजारौ रुपैया बुझाउंछन

मधेश दृष्टिलाई प्राप्त जानकारी अनुसार ड्राईपोर्ट तथा आईसिपी विटमा खटिएका इन्चार्जले असुलेका अवैध रकम वापत जिल्ला ट्राफिक इन्चार्जलाई दैनिक हजारौ रुपैया बुझाउनुपर्छ।

श्रोतका अनुसार ड्राईपोर्ट चोकमा खटिएकाले दैनिक रुपमा ९ हजार, परवानीपुर चोकमा खटिएकाले ६ हजार, गण्डकमा खटिएकाले ५ हजार, पावरहाउमा खटेकाले ३ हजार र बहुअर्वा भट्टामा खटेका ट्राफिक प्रहरीले एक हजार रुपैयाको दरले हाल जिल्ला इन्चार्जलाई बुझाउँदै आएका छन्।

ती अवैध असुली रकमबाट प्रादेशिक कार्यालयदेखि माथिल्लो केन्द्रिय तहसम्म रकम जाने गरेको श्रोतका दाबी छ। दैनिक रुपमा ती बीटहरुकाट दैनिक अढाई लाखदेखि ३ लाख रुपैयासम्म अवैध रुपमा असुल्ने गरिएको छ।

ती पोष्टहरुमा डियूटी खट्न ट्राफिक प्रहरीको दैनिक बोली लाग्ने गरेको श्रोतको दाबी छ। बोली स्वीकार गर्ने ट्राफिक प्रहरीलाई मात्रै त्यहाँ खटाउने गरिएको छ। ट्राफिक प्रहरी कार्यालयको जनशक्ति करिब ६५ जनाको रहेको छ। ती मध्ये ड्राईपोर्ट चोकमा असईको कमाण्डमा ६ जना, परवानीपुरमा सईको कमाण्डमा ४ जना, गण्डकमा बरिष्ठ हवल्दारको कमाण्डमा ३ जना, पावर हाउस चोक र बहुअर्वामा १/१ जना ट्राफिक हवल्दार खटिने गरेका छन।

यसरी खटिएका सई, असई देखि बरिष्ठ हवल्दारसँग दैनिक रुपमा तोकिएको रकम बुझाउनु पर्ने बाध्यता रहेको र नबुझाएको खण्डमा भोली पल्टै वीरगंज बजार क्षेत्रमा ट्राफिक व्यवस्थापनको लागि खटाईने गरेको गुनासो पिडित ट्राफिक प्रहरीहरुको भनाई छ।

अवैध असुलीबाट जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख ध्रुव दाहालले हाल दैनिक रुपमा ३० हजार रुपैया लिइरहेका छन् बांकी रुपैया मध्येबाट डियूटीमा खटिएका ट्राफिक र माथिल्लो तहमा पुरयाउँदै आएको छ।

# शिक्षिकाको लापरवाहीले छात्राको मृत्यु

## विद्यार्थी प्रहरी विच झडप, डिएसपी सहित ७ घाइते, दुई पक्राउ

मुकेश कुमार यादव
सिरहा, २४ पुस।
सिरहामा एक निजि विद्यालयको चरम लापरवाहीका कारण एक जना छात्राको मृत्यु भएको छ। विद्यार्थीले औषधी खानेक्रममा पानीको साट्टो खानेपानिको बोतलमा रहेको स्प्रीट पिउँदा विरामी भएका मिर्चैयास्थित सगरमाथा हाईयर सेकेन्ड्री स्कूलमा अध्ययनरत सिरहा नगरपालीका ११ पदमपुरका धर्मेन्द्र महराकी छोरी १६ वर्षिय सृजना कुमारी महराको उपचारको क्रममा मृत्यु भएको हो।



महिनाबारीका कारण पेट दुखेका सृजनालाई शुक्रवार स्कूलकै एक शिक्षिकाले दिएको औषधी खानेक्रममा पानीको सट्टा स्प्रीट पीउँदा थप विरामी भएका उनलाई विद्यालयका संस्थापक तथा प्रिन्सिपल प्रदिप तिवारी आफैले विद्यार्थीको उपचार गराउनुभन्दा पनि केही भएको छैन भन्दै घर पुर्‍याएको परिवारजनले आरोप लगाएका छन्।

फाउन्डर समेत रहेका तिवारीले सृजनालाई घरमा पुर्‍याएर इनले पानिको सट्टा'थोरै स्प्रीट खाएकोले नसा लागेको छ, केहीवेर सुतेपछि ठिक भईहाल्छ; भन्दै घर छोडी गएको सृजनाका वुवा धर्मेन्द्र महराले बताए। उनले भने, 'तिवारी सरले थोरै स्प्रीट खाएको भनेपछि हामीले पनि विश्वास गर्‍यौं, तर विस्तारै अवस्था असहज बन्दै

बाँकी पृष्ठ ६ मा

## घटनाप्रति मधेशी आयोगको ध्यानाकर्षण

सिरहाको मिर्चैया नगरपालिका-६ स्थित सगरमाथा माविको कक्षा-८ मा अध्ययनरत एक बालिकालाई महिनावारीले गर्दा पेट दुख्दा एक शिक्षिकाले औषधिसँग स्प्रिट खुवाउँदा बालिकाको मृत्यु भएको घटनाप्रति मधेशी आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

आयोगका सदस्य जिवछ साहले घटना सम्बन्धमा सिरहाका प्रमुख जिल्ला अधिकारीसहितका सुरक्षा निकायहका प्रमुखसँग टेलिफोनमार्फत जानकारी लिँदै छिटो सत्यतथ्यको अनुसन्धान गरेर दोषीलाई कानुनी दायरामा ल्याउन तथा मिर्चैयाको तनावग्रस्त स्थितिलाई शान्त बनाउन निर्देशन दिएका छन्।

आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले यस्ता संवेदनशील घटनामा दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याउन आयोगले कुनै कसर बाँकी नराख्ने बताएका छन्।

सो घटनाको स्थलगत अनुगमनका लागि आयोगले एक टोली समेत पठाउने अध्यक्ष दत्तले जानकारी दिए।

## आक्रोशित विद्यार्थीद्वारा ५ घण्टा सम्म सडक जाम

आक्रोशित विद्यार्थीले विहानै देखि पूर्वपश्चिम राजमार्ग अन्तर्गत मिर्चैया बजार क्षेत्रमा सडक जाम गरिएको थियो। करिव ४/५ घण्टा सम्म गरेको चक्का जाम खुलाउने क्रममा भएको झडममा डीएसपी सहित ७ जना घाईते भएका छन्। घाइतेमध्ये एक प्रहरीको ३ ठाउँमा खुट्टा फ्याक्चर भएको छ। खुट्टा फयाक्चर भएका प्रहरी असाई सुरेन्द्र यादवको थप उपचारको लागि काठमाडौं पठाइएको डीएसपी ओलीले जनाए। अन्यको स्थानीय मङ्गलम अस्पतालमा उपचार भईरहेको छ।

प्रहरीले आन्दोलनमा विद्यार्थीभन्दा अन्यको घुसपैठ भएको आरोप लगाएको छ। उनीहरुले आन्दोलनलाई उत्तेजित बनाउनेकाम गरिरहेको र पेट्रोलबम सहित ढुङ्गामुडा गरेको प्रहरीको भनाई छ।

सडक जाम खुलाउन प्रहरीले दर्जनौ राउण्ड हवाई फायर र आशुग्यास प्रहार गरेको थियो। विद्यार्थीले एकठाउँमा बल प्रयोग गरेर जाम खुलाउँदा विद्यार्थीले अर्को ठाउँमा पुगेर जाम गरिरहेका थिए। मृत्तकको शवलाई परिवारजनलाई जिम्मा लगाई पोष्टमार्टमका लागी प्रादेशिक अस्पताल लहान पठाइएको प्रहरीले जनाएको छ।

## आज जसपाको संसदिय दलको निर्वाचन

मधेशदृष्टि
जनकपुरधाम, २४ पुस। मधेश प्रदेशमा संसदीय नेता चयनका लागि जनता समाजवादी पार्टी (जसपा) नेपालले निर्वाचन तालिका सार्वजनिक गरेको छ। सहमति जुटन नसकेपछि पार्टी अध्यक्ष उपेन्द्र यादवलाई निर्णय गर्ने जिम्मेवारी दिइएको थियो। तर, पार्टीमा दलको नेता बन्न आकांक्षीहरू बढी भएपछि पार्टी अध्यक्ष यादवले फेरि पार्टीको प्रदेश कमिटीलाई नै जिम्मेवारी दिएका थिए। प्रदेश कमिटिले

बाँकी पृष्ठ ६ मा


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

जनकपुरधाम उप-महानगरपालिका
जनकपुरधाम, मधेश प्रदेश, धनुषा

# मापदण्ड विपरित सञ्चालित ५ वटा क्रसर र बालुवा वासिङ्ग उद्योगमा शिलबन्दी

मधेशदृष्टि
जनकपुरधाम, २४ पुस।
गृहमन्त्रालयले मापदण्ड विपरित क्रशर उद्योगलाई कारवाही गर्न पत्राचार गरेसंगै धनुषामा मापदण्ड विपरित संचालन गरिएका क्रसर उद्योग र बालुवा वासिङ्ग उद्योगमा शिलवन्दी गरिएको छ।
संयुक्त अनुगमन समिति धनुषाले आइतवार मिथिला नगरपालिकामा सञ्चालित २ वटा क्रसर उद्योग र ३ वटा बालुवा वासिङ्ग उद्योगमा शिलबन्दी गरेको हो।
महोत्तरीको बर्दिवास नगरपालिका-१ बस्ने मन्जु क्षेत्रीले धनुषाको मिथिला नगरपालिका-१० मा सञ्चालन गरेको धनेश्वर क्रसर उद्योग र श्रीपुर गाविस-३ महोत्तरी बस्ने विनोद साहले धनुषाको मिथिला नगरपालिका-९ मा सञ्चालन गरेको सुमित क्रसर उद्योगमा शिलबन्दी गरिएको छ।
यस्तै सरपल्लो गाविस-४ महोत्तरी बस्ने रामबाबु ठाकुर र धनुषाको बेंगाडावर बस्ने बेचन ठाकुर वरहीले संयुक्त रुपमा धनुषाको मिथिला नगरपालिका-१० मा सञ्चालन गरेको जय बजरंग बालुवा प्रशोधन उद्योग, धनुषाको बेंगाडावर-६ बस्ने बिजय शर्माले मिथिला नगरपालिका-३, हरिहरपुरमा सञ्चालन गरेको औरही बाबा बालुवा प्रशोधन उद्योग र जनकपुरधाम उपमहानगरपालिका-१३ बस्ने शिवजी साह र वडा नम्बर-२१ बस्ने महादेव साहले संयुक्त रुपमा धनुषाको मिथिला नगरपालिका-३ मा सञ्चालन गरेको जय शिव भोले बालुवा गिट्टी वासिङ्ग उद्योगमा शिलबन्दी गरिएको अनुगमन टोलीका संयोजक समेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले बताए।
क्रसर उद्योगहरुले नवीकरण नगराएको, नदीनालाको छेउमै उद्योग सञ्चालन गरेको, मानव वस्तीमा असर पारेको एवं बालुवा वासिङ्ग उद्योगहरुले क्रसर उद्योग सरह बालुवा उत्खन्न लगायतका कार्य गर्ने गरेको, नयाँ मापदण्ड अनुसार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन पारित नगराएको लगायतका न्युनतम मापदण्ड समेत पालना नगरेको ठहर गर्दै तत्कालै कामकाज बन्द गर्ने गरी शिल गरिएको अनुगमन टोलीमा सहभागी घरेलु तथा साना उद्योग कार्यालय धनुषाका जितेन्द्र प्रसाद सिंहले जनाए।
आइतवार अनुगमन गरिएको ५ वटै क्रसर तथा बालुवा वासिङ्ग उद्योगहरु मापदण्ड विपरित सञ्चालनमा रहेको ठहर गर्दै तत्कालै कामकाज बन्द गर्ने गरी शिल गरिएको उनले बताए।
धनुषामा ११ वटा क्रसर उद्योग र २१ वटा बालुवा वासिङ्ग उद्योग दर्ता भएपनि अधिकांश बालुवा वासिङ्ग उद्योगले नवीकरण नगराएको तथा कुनै पनि क्रसर उद्योगले नवीकरण नगराएको घरेलु तथा साना उद्योग कार्यालय धनुषाको तथ्यांकले देखाएको छ।
गृह मन्त्रालयले केही दिनपूर्व ७७ वटै जिल्ला प्रशासन कार्यालयहरुलाई मापदण्ड विपरित सञ्चालित क्रसर तथा बालुवा वासिङ्ग उद्योगलाई कारवाही गर्न गरेको पत्राचार अनुसार अनुगमन समिति धनुषाले सक्रिय भएको हो।

# चार जना बालक वीरगंजमा पक्राउ

मधेशदृष्टि
वीरगंज, पुस २४।
जिल्ला प्रहरी कार्यालय पर्साले अपहरण गरेको आरोपमा चार जना बालक पक्राउ परेका छन्। वीरगंज महानगरपालिका १६ इनर्वा वस्ने १६ वार्षिय बालक शनिवार बिहान आफनो घरको आंगनको कलमा हात मुख धोइरहेका थिए। त्यसवेला संगै अध्यन गर्ने चार जना साथीहरुले मिलेर कम्वलले उनलाई छोपेको प्रवक्ता दिपक गिरीले जानकारि दिएका छन।
उक्त टोलीले अपहरण मा परेका बालकको उद्धार गरेको हो। यस्तै आरोपित चार जना



बालकलाई पनि नियन्त्रणमा लिएको हो।पिडीत र पक्राउ परेका आरोपितहरु कक्षा १० मा अध्यनरत विद्यार्थी हुन।
सधै कक्षामा प्रथम हुने भएकाले उनी संगै पढने प्रतिस्पर्धी विद्यार्थीले रिस, देव्स,र डाहका कारण अपहरण गरेको प्रवक्ता गिरीले वताए। ति बालकमाथि अनुसन्धान गर्न अदालतबाट ६ दिन हिरासतमा अनुमति लिएर उनिहरुलाई महिला बालबालिका सेलमा राखेर अनुसन्धान गर्न लागेको हो।

# दिनदहाडै पसलबाट समान चोरी गर्ने क्रम बढयो

मधेशदृष्टि
जनकपुरधाम, २४ पुस।
सुरक्षा निकायले ध्यान नदिदा जनकपुरधाममा दिनदहाडै पसलहरुबाट सामान चोरी गर्ने क्रम बढेको छ। जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-४ मा सञ्चालित एक कस्मेटिक पसलबाट बच्चाले लगाउने डाइपर चोरी भएको हो।
स्थानीय शंकर महासेठले सञ्चालन गरेको दिव्या फैन्सी स्टोरबाट साँझको समयमा डाइपर चोरी गरिएको पीडितले बताए। उनले पसल अगाडि लगाइएको सिसिटिभी क्यामेरामा देखेपछि आफ्नो पसलबाट डाइपर चोरी भएको कुरा थाहा पाएको बताएका छन्। सिसिटिभी क्यामेरामा चोर मज्जाले आफ्नो मोटरसाइकल बाटो छेउमै लगाएर केहीबेरसम्म महासेठको पसल वरिपरि घुमफिर गरिरहेको देखिन्छ। करिव ३/४ मिनेटसम्म पसलको वरिपरि घुमफिर गरेका ति व्यक्ति केहीबेरमै उनको पसल अगाडि राखिएका तिनवटा डाइपरमध्ये दुईवटा डाइपर मोटरसाइकलमा राखेर आरामले आफ्नो बाटो लागेको देखिन्छ।



पसल सञ्चालक महासेठले जनकपुरधाममा चोरीको क्रम भने झनै बढेको बताए। उनले यसअघि पनि आफ्नो पसल अगाडिबाट सडक छेउमा लगाइएका ट्रिगार्डबाट फूलहरु चोरी भएको जानकारी दिए।
अहिले चोरी हुने क्रम दोब्बरभन्दा बढी भएको उनले बताए। पसलबाट डाइपर, स्याम्पू, डिटरजेन्ट पनि ठूलो संख्यामा हराउन थालेको र सजगता अपनाउँदा पनि चोरी हुने क्रम दोब्बरले बढेको महासेठको दुःखेसो छ।

# ठगी गर्ने एक व्यक्ति पक्राउ

मधेशदृष्टि, सिरहा, २४ पुस।
इन्जिनियरिङ पढाइका लागि भारतमा छात्रवृत्ति मिलाइदिन्छु भनी ८ लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ।
पक्राउ पर्नेमा सिरहाको कल्याणपुर नगरपालिका-१० बस्ने २७ वर्षीय सन्तोष मण्डल रहेका छन्। आफुलाई इन्डो ग्लोबल कन्सल्टेन्सीको सञ्चालक बताउने मण्डलले भारतको दिल्ली टेक्नोलोजिकल युनिभर्सिटीमा भर्ना गराइदिन्छु भनी ८ लाख रुपैयाँ ठगी गरेको उजुरी परेपछि उनलाई पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।
छात्रवृत्तिमा इन्जिनियरिङ पढ्न पाइने भन्दै मण्डलले पीडितबाट पटक पटक गरी ८ लाख रुपैयाँ ठगी गरेर सम्पर्कविहीन भएका थिए।

# सवारी दुर्घटनामा दुईको मृत्यु

मधेशदृष्टि
सप्तरी, २४ पुस। सवारी दुर्घटनामा परी सप्तरीमा दुईजनाको मृत्यु भएको छ।
जिल्लाको खडक नगरपालिका-११ मा रोकिराखेको टिपरमा मोटरसाइकल ठोक्किदा दुईजनाको मृत्यु भएको छ भने एकजना गम्भीर घाइते भएका छन्। बोदेबर्साइनबाट राजविराजतर्फ जाँदै गरेको बा८९प ३२१५ र प्रदेश-१-०२-०४४ प ८६१९ नम्बरको मोटरसाइकल बिग्रिएर रोकिराखेको स १ ख ९२८ नम्बरको टिपरमा ठोक्किएको थियो।
मोटरसाइकलमा सवार दुईजनाको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय कल्याणपुरले जनाएको छ। घाइते भएका अन्दाजी २४ वर्षीय पुरुषलाई उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पठाइएको छ। मृतक र घाइतेको पहिचान खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ।

# जनमत र नागरिक उन्मुक्तबीच कार्यगत एकता

मधेशदृष्टि
जनकपुरधाम, २४ पुस। रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी र डा. सिके राउत नेतृत्वको जनमत पार्टीबीच कार्यगत एकता भएको छ।
दुवै पार्टीले उठाउँदै आएको थरुहट, मधेसका साझा धारणा र मुद्दाहरूलाई संयुक्त रूपमा उठाउने गरी कार्यगत एकता भएको हो।
आइतबार नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी र जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले १२ बुँदे सहमति पत्रमा हस्ताक्षर गरेका छन्।
संयुक्त जारी प्रेस विज्ञप्तिमा टीकापुर घटनाको राजबन्दीहरु लगायत रेशम चौधरीको रिहाइको लागि दुवै पक्षले पहल गर्ने, सरकारले ल्याएको मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश २०७९ लाई संसद् बाट पारित गराइ प्रभावकारी कार्यान्वयनमा दबाब दिने सहमति भएको छ। त्यस्तै, थरुहट र मधेस आन्दोलनसम्बन्धी लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न पहल गर्ने, विभिन्न आन्दोलनमा सहभागी भएका नागरिक उन्मुक्ति र जनमत पार्टीका आस्थाका बन्दीहरूलाई लगाइएको झुट्टा मुद्दाहरू फिर्ता लिन कानुनी प्रक्रियामार्फत सरकारलाई दबाब दिने सहमति भएको विज्ञप्तिमा उल्लेख छ।


# वडाध्यक्ष मियाँ कारागार चलान

मधेशदृष्टि
जनकपुरधाम, २४ पुस।
सप्तरीका एक वडाध्यक्षलाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ।
लिखत सम्बन्धी कसुर र नागरिकता किर्ते मुद्दामा फरार रहेका जिल्लाको डाक्नेश्वरी नगरपालिका वडा नम्बर-२ का वडाध्यक्ष ६३ वर्षीय रहमान मियाँलाई कारागार चलान गरिएको हो।वडाध्यक्ष मियाँसहित २१ जनाले एक आपसमा मिलेमतो गरी राज्यकोषबाट लक्षित वर्गलाई प्रदान गरिँदै आएको सामाजिक सुरक्षा भत्ता वितरणमा सरकारी कागज र छाप किर्ते गरी फरार भएका थिए।वडाध्यक्ष मियाँले एउटै व्यक्तिको नाममा दुईवटा नागरिकता नम्बर प्रचलनमा ल्याई सरकारी कोषबाट ८३ लाख ४१ हजार १०८ रुपैयाँ निकासा गरी हिनामिना गरेका थिए।सरकारी कागज तथा नागरिकता किर्ते मुद्दामा फरार रहेका मियाँलाई प्रहरीले सप्तरीको राजविराज नगरपालिका वडा नम्बर-८ बाट पक्राउ गरी जिल्ला अदालतमा उपस्थित गराएको थियो। सप्तरी जिल्ला अदालतले आइतबार वडाध्यक्ष मियाँलाई पुर्पक्षका लागी कारागार चलान गर्ने आदेश दिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सुचना अधिकारी प्रहरी नायव उपरीक्षक नरेश कुमार सिंहले जानकारी दिए।

# लोसपाभित्र विश्वासको मत सम्वन्धि निर्णयको अधिकार अध्यक्ष ठाकुरलाई

मधेशदृष्टि
जनकपुरधाम, पुस २४।
लोकतान्त्रिक समाजवादी पार्टी नेपालले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिने सम्बन्धमा निर्णय गर्ने अधिकार अध्यक्ष महन्थ ठाकुरलाई दिएको छ।
बबरमहलस्थित पार्टी केन्द्रीय कार्यालयमा आइतबार बसेको केन्द्रीय कार्यकारिणी समितिले प्रधानमन्त्रीलाई विश्वासको मत दिने सम्बन्धमा निर्णय गर्ने अधिकार अध्यक्ष ठाकुरलाई दिएको हो। बैठकले मधेस प्रदेशको संसदीय दलको संशोधित विधान अनुमोदन गरेको छ भने संगठन विस्तारको कामलाई यथाशीघ्र अगाडि बढाउने निर्णय पनि गरेको छ।
लोसपाको प्रदेशसभामा ९ जना सांसद छन्।

# मौलापुर वितरण केन्द्रद्वारा बिधुत चुहावट गर्ने मोटर पक्राउ



आरके श्रीवास्तव
गरुडा,पुस २४
नेपाल बिधुत प्राधिकरण मौलापुर वितरण केन्द्रबाट खटी गएको प्रहरी सहितको टोलीले बिधुत चुहावट गर्ने मोटर पक्राउ गरेको छ। बिधुत चुहावट गरिहेको सो सामान जफत गरेको हो।
बिधुत चुहावट बढेको भन्दै सुचना आउन थाले पछि प्राधिकरण मौलापुर प्रमुख अरुण कुमार साहले त्यस्तालाइ कार्यवाही गर्ने बताउँदै चुहावट नियन्त्रण टोलीलाइ खटाएका हुन्। प्रहरी र विधुत प्राधिकरणको संयुक्त टोलीले पक्राउ गरेको हो।
सो टोली मौलापुर वितरण केन्द्र अन्तर्गतको विभिन्न गाउँमा पुगेको थियो।
चुहावट नियन्त्रण टोलीले सो स्थानहरु बाट हुकिङ गरी सिँचाइ गरिरहेको अवस्थामा ६ थान मोटर नियन्त्रणमा लिएको नेपाल बिधुत प्राधिकरण मौलापुर वितरण केन्द्रका प्रमुख साहले जानकारी गराएका हुन्। मोटर जफत गरी आवश्यक कारवाहीको प्रकृया अगाडि बढाइएको उनले बताएका हुन्। बिधुत चुहावट नगर्न नेपाल बिधुत प्राधिकरण मौलापुर वितरण केन्द्रले सबैमा अनुरोध गरेको छ। यस अघि केन्द्रले बिधुत चुहावट गरि रहेको अवस्थामा दर्जनौं मोटरहरु जफत गरेको थियो।

# मिडिया एक्सन नेपालद्वारा तीन विधामा प्रेस अवार्ड स्थापना

मधेशदृष्टि
जनकपुरधाम,पुस २४
नेपालमा संचारमाध्यमको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको मिडिया एक्सन नेपालले विभिन्न तीन विधामा उत्कृष्ट गर्नेलाई कदर गर्ने उदेश्यले प्रेस अवार्ड स्थापना गरेको छ।
विगत ८ वर्षदेखि अभिव्यक्ति स्वतन्त्रता र सञ्चार विकासको क्षेत्रमा सक्रिय रहेको मिडिया एक्सन नेपालले पत्रकारिता, प्रेस स्वतन्त्रता र सञ्चार शिक्षाका क्षेत्रमा काम गर्दै आएका विभिन्न विशिष्ट व्यक्तिहरूको योगदानको कदर गर्दै तीनवटा प्रेस पुरस्कार स्थापना गरेको छ। मिडिया फ्रिडम कोलिसन-कन्सल्टेटिभ नेटवर्कको सदस्य समेत रहेको मिडिया एक्सन नेपालले पत्रकारिता, मिडिया शिक्षा तथा प्रशिक्षण, सञ्चार विकास र प्रेस अधिकारको संरक्षणका लागि सक्रिय व्यक्तित्वहरूलाई सम्मान गर्न यि पुरस्कारको स्थापना गरेको हो। प्रत्येक वर्ष मिडिया एक्सन नेपालको स्थापना दिवस अर्थात् डिसेम्बर २१ का दिन पत्रकारिता, प्रेस स्वतन्त्रता र मिडिया शिक्षा गरि तीन विधामा उत्कृत गर्नेलाई पुस्रकार प्रदान गरिने छ। हरेक विधामा पुरस्कारको रासी २५ हजार रारिखएको छ। मिडिया एक्सन नेपालका अध्यक्ष लक्ष्मणदत्त पन्तका अनुसार यी पुरस्कार नेपालमा स्वतन्त्र र जिम्मेवार मिडियाको विकासका लागि प्रोत्साहन स्वरूप प्रदान गरिने छ। 'स्वतन्त्र पत्रकारितामा धेरै दृश्य र अदृश्य शक्तिहरूबाट आक्रमण भइरहेको छ, अध्यक्ष पन्तले भने, 'सञ्चारमाध्यमको विश्वसनीयतामा राज्य र समाजका विभिन्न क्षेत्रबाट नियमित रूपमा प्रश्न उठिरहेको अवस्थामा छ। यस्तोमा यी पुरस्कारले शक्तिलाई प्रश्न सोध्न सक्ने, समाजलाई ऐना देखाउन सक्ने र जनताप्रति जवाफदेही रहन सक्ने सशक्त र जिम्मेवार सञ्चार जगत निर्माणमा असाधारण भूमिका निर्वाह गरिरहेका मानिस र तीनको कामलाई प्रकाशमा ल्याउने हाम्रो विश्वास छ।' त्यसैगरि, सन् २०२३ मा भने, पुरस्कार प्रदानको पहिलो वर्ष भएकोले, मिडिया एक्सन नेपालले तीनै विधालाई समावेश गरि एकल पुरस्कार प्रदान गर्नेछ। मिडिया एक्सन नेपालले यस वर्षको पुरस्कार वरिष्ठ अधिवक्ता तथा प्रेस काउन्सिल नेपालका पूर्व अध्यक्ष बोर्णबहादुर कार्कीलाई प्रदान गर्ने निर्णय गरेको छ। कार्की विगत लामो समयदेखि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा आवाज उठाउँदै आइरहेका छन्। प्रेस काउन्सिलमा रहँदा र त्यसअघि र पछि पनि उनले नेपालको सञ्चार क्षेत्रलाई सुदृढ पार्न धेरै किसिमले योगदान दिएका छन्। जनवरी १० ( पुस २६ गते) मंगलबार काठमाडौंमा आयोजना हुने एक कार्यक्रममा उहाँलाई सम्मान गरिने छ। सन् २०१५ मा स्थापना भएदेखि नै मिडिया एक्सन नेपालले राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सहकार्य गरि अनुसन्धान, संवाद, वकालत, प्रकाशन तथा अभिलेखीकरण र पत्रकारहरूको क्षमता अभिवृद्धिमार्फत स्वतन्त्र र जिम्मेवार प्रेस निर्माणमा अग्रगामी भूमिका खेल्दै आएको छ। देशका सातै प्रदेशमा उपस्थिति रहेको यस संस्थाले हालसम्म ५ हजारभन्दा बढी नेपाली पत्रकारहरूसँग काम गरिसकेको छ।

media action nepal

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुनः सुरु हुन सक्छन्। जोशजाँगर र उमङ्ग बढ्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। आफन्तको प्रगतिमा मन रमाउनेछ। नयाँ कार्यको अवसर मिल्नेछ। जोशजाँगर पनि बढ्नेछ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ। अनावश्यक ठाउँमा धन खर्च हुनेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। सरकारी निकायको भय पनि रहला।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ। विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ। जोशजाँगर र हिम्मत बढ्नेछ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ। गरेका कामबाट राम्रै लाभ हुनेछ। दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन्। आत्मबलमा कमी आउनेछ। मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। शत्रु पराजित हुनेछन्। वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ। आँटेको र ताकेको कार्य पुरा होला। आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। पढाइमा प्रगति नै हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ। धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन्।

# देवाहीगोनाहीमा सुरक्षीत विद्यालय पुनः संचालन सम्बन्धि कार्यशाला




आरके श्रीवासतव
गरुडा,पुस २४
रौतहट जिल्लाको देवाही गोनही नगरपालिकामा सुरक्षीत विद्यालय पुनः संचालन सम्बन्धि विद्यालय स्तरीय दुई दिवसीय कार्याशाला गोष्ठी सफलतपुर्वक शनिवार सम्पन्न भएको छ। देवाही गोनाही नगरपालिकाका नगर प्रमुख प्रेमलाल साहको अध्यक्षतामा भएको सो कार्याशालामा नगर भरीका विधालयका प्रधानध्यापक, शिक्षक, विद्यालय ब्यवस्थापन प्रतिनिधि, बाल कल्वका पदाधिकारी सहितको उपस्थिति रहेको थियो।

कार्यशालामा प्रशिक्षक इश्वर दत्त जोशी र कृष्ण कुमार साह सहजिकरण गरेका थिए । नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको विधालय सुधार योजना , विद्यालय बिपद पुर्व तयारी प्रतिकार्य योजना तयारी गर्नमा सहयोग गर्ने मुख्य उदेश्यले कार्यशाला आयोजना गरिएको हो।

भुकम्प प्रविधी राष्ट्रिय समाज नेपालको आयोजनामा र युनिसेफ नेपाल र युरोपियन युनियन नेपालको आर्थिक सहयोगमा नगरपालिकाको शिक्षा समूह प्रबलिकरन कार्यक्रम रौतहट जिल्लाको देवाही गोनही, यमुनामाइ, राजदेवी, गरुडा , चन्द्रपुर, बृन्दाबन, फतुवा बिजयपुर र गुजरा नगरपालिकामामा पछिल्लो एक वर्ष देखि कार्यक्रम संचालन हुँदै आएका छन् ।

# सप्तरीमा जाडोका कारण जनजीवन कष्टकर



विनय कर्ण
सप्तरी, २४ पुस ।
एक साता देखि लगातार चलेको चिसो हावाका कारण जाडो बद्धदा जनजीवन कष्टकर बन्दै गइरहेको छ।

चिसो हावासँगै बढेको शीतलहरले बालबालिका, वृद्धवृद्धा र विपन्न पारिवार बढी प्रभावित भएका छन् ।

शीतलहरको कारण बालबालिकालाई विद्यालय जान समस्या हुन थालेको छ । दिउँसोको समयमा अलिअली घाम लागे पनि बिहान र बेलुकाको समयमा अत्यधिक चिसो हुने गरेकोले जनजीवन कष्टकर बन्दै गएको बेला जिल्ला प्रशासन कार्यालय सप्तरीले चासो लिदै राजविराजको विभिन्न स्थानमा आगो ताप्ने व्यवस्था मिलाएको हो ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको नेतृत्वतमा प्रमुख सेनानी दुर्गा बहादुर थापा, प्रहरी उपरीक्षक अविनारायण काफ्ले, सशस्त्र प्रहरी उपरीक्षक तिर्थराज पौडेल, वन कार्यालयका प्रमुख हेमन्त प्रसाद साहले जाडो छल्न राजविराजको विभिन्न स्थानमा आगो ताप्ने व्यवस्था मिलाएका हुन् । गजेन्द्रनारायण सिंह अस्पताल राजविराज, अदालत अगाडी, रुपनी मोड, जिल्ला प्रशासन कार्यालय अगाडी लगायतका विभिन्न स्थानहरुमा आगो बालिएको र यसले शीतलहरबाट बच्न ठूलो मद्दत पर्‍याउने विश्वास लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि चिसोका कारण कठ्यांग्रिएर सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर ४ का ४५ वर्षीय देवु सदाको मृत्यू भएको थियो ।

# ठोरीमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सुरु

मधेशदृष्टि
वीरगंज,२४ पुस
पर्साको ठोरी गाँउपालिकामा आइतवारदेखि प्रथम राष्टपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७९ शुरु भएको छ । आइतवार गाँउपालिकाको कार्यालय घ्याङ्गडाडाको परिसरमा प्रतियोगिताको उदघाटन गर्दै प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालले बालबालिकाको शिक्षाको बिकासका साथसाथै खेलकुदको बिकास गर्न आवश्यक रहेका बताए । खेलकुदले बालबालिकाहरुको शरीर स्वास्थ्य तथा हष्ठपुष्ट राख्न मद्दत मिल्ने र खेलकुदको माध्यमले समाज तथा पालिकाको नाम राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा चिनाउन मदत मिल्ने प्रजिअ ढकालले बताए । बालबालिकामा अन्तरनिहित प्रतिभा खेलको माध्यमबाट उजागर गरी सफल खेलाडी उत्पादन गर्न सकिने प्रजिअ ढकालले बताए । गाँउपालिका अध्यक्ष लालबहादुर श्रेष्ठको अध्यक्षतामा उदघाटन कार्यक्रमा जिल्ला समन्वय समिति पर्साका पूर्व उपसभापति ठाकुर प्रसाद न्यूपाने, नेपाली कार्ग्रेसका प्रतिनिधि लालबहादुर श्रेष्ठ, नेकपा एक्षाले ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठ, नेकपा माओबादीका ठोरी इन्चार्ज हरिबहादुर सुनार र गाउपालिकाका शिक्षा शाखा प्रमुख भोपाल जोशीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रम हेम चापागाँईले संचालन गरेका थिए ।प्रजिअ ढकाल र प्रहरी प्रमुख साहलाई पालिका अध्यक्ष ध्यानाकर्षण कार्यक्रम ठोरी गाँउपालिका अध्यक्ष लालबहादुरले सर्वसाधारणाहरुलाई सेवा प्रवाहका लागि ध्यानाकर्षण गरेका छन। इलाका प्रशासन कार्यालय सुपौलीबाट हुने सेवा प्रवाहमा कठिनाई भएको अध्यक्ष श्रेष्ठका भनाई छ । ठोरीका बासिन्दाहरुका नागरित्ता प्रमाण पत्र बनाउन जिल्ला प्रशासन कार्यालय पर्साबाट सेवा प्रवाह गर्न अध्यक्ष श्रेष्ठले आग्रह गरे। सातामा एक दिन मात्र सेवा दिने इलाका प्रशासन कार्यालय सुपौलीका शाखा अधिकृतहरुले आवश्यकता भन्दा बढि दुःख दिने गरेका अध्यक्ष श्रेष्ठले गुनासो गरे ।

यसका साथ साथै प्रहरी चौकी बिजयबस्तीको भवन भत्किएकाले सो को निर्माण गर्न पालिका त्यार रहेको अध्यक्ष श्रेष्ठले बताए । तर भत्काउन मन्त्रालयबाट अदेश लिनु पर्ने भएकाले यो प्रकृया छिटोभन्दा छिटो पहल गर्न प्रहरी उपरिक्षक कोमल साहलाई आग्रह गरे ।

# मेलमिलाप सम्वन्धि तालीम सुरु



विनय कर्ण
सप्तरी, २४ पुस । सप्तरीको महादेवा गाउँपालिकामा सामुदायिक मेलमिलाप सम्बन्धि ८ दिने तालिमको शुरुवात भएको छ ।

न्यायिक समितिको आयोजनामा वडा नम्बर १ स्थित पकरीमा सामुदायिक मेलमिलाप तालिमको शुरुवात भएको हो ।

एक कार्यक्रमकाबीच गाउँपालिका उपाध्यक्ष अर्चना कुमारी यादवले आईतवार तालिमको उदघाट् गरिन् ।

उनले तालिममा सिकेको ज्ञानलाई व्ययवहारमा उतार्न सके यसको सार्थकता हुने बताईन् ।

प्रमुख प्रशासकिय अधिकृत दिलिप कुमार यादवले तालिमबाट सहभागीहरुले न्यायिक समितिबाट सम्पादन हुने कामहरुको बारे ज्ञान प्राप्त गर्ने विश्वास व्यक्त गरे ।

सोही कार्यक्रममा अधिवक्ता केशव प्रसाद दासले न्यायिक समितिमा परेको उजुरीको आधारमा मेल मिलाप गर्ने वारे कानुनमा भएको कानुनी प्रकृयाको वारेमा जानकारी गराए ।

कार्यक्रममा वडाध्यक्ष गजेन्द्र मण्डल ,उपेन्द्र गौईत ल उपेन्द्र प्रसाद मण्डलल सहितकाले तालिमको सफलताको बारेमा मन्तव्य दिए ।

२४ जना सहभागी रहेको सो तालिममा प्रशिक्षक बैधनाथ यादव र रुवी कर्णले प्रशिक्षण दिने छन् ।

# लाखौ रुपैयाको सामाग्री बरामद

मधेशदृष्टि
वीरगंज, २४ पुस । बारा प्रहरीले जितपुर सिमरा उपमहानगरपालिका र सिम्रौनगढबाट अवैध रुपमा राजस्व छलि भित्र्याईएको ७ लाख १४ हजार मुल्य भन्दा बढीको सामान बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय जितपुर सिमराबाट खटिएको प्रहरी गस्ती टोलीले वाराको जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २१ स्थित सडक खण्डमा चेकजाँचको क्रममा ईटहरी बाट काठमाण्डौ तर्फ जादै गरेको प्र.३-००१ख १८०७ नं.को बस भित्र कुनै पनि बिल भरपाई नभएको ११ कार्टुन विभिन्न किसिमको औषधी, ४६ पिस सिसिटीभी क्यामरा बरामद गरेको छ । त्यसैगरी वाराको सिम्रौनगढ नगरपालिका वडा नम्बर १ ढाट टोलबाट अवैध रुपमा भारतबाट ल्याई रहेको अवस्थामा १० हजार मुल्य बराबरको भेली, हलोको फाली बरामद गरेको छ । बरामद गरेको समान इलाका प्रहरी कार्यालय सिम्रौनगढमा राखिएको जिल्ला प्रहरी कार्यालय वाराका डिएसपी एवं प्रवक्ता राजेश थापाले बताएका छन ।

# इन्फोटेक टी-२० मा ग्लोबले तेश्रो जित हासिल गरे




मधेशदृष्टि
वीरगंज, २४ पुस । दोस्रो नेशनल इन्फोटेक अन्तर कलेज टी-२० क्रिकेट कपअन्तर्गत आज भएको १६ औं खेलमा ग्लोबल बिजनेस कलेजले तेस्रो जित हात पारेको छ। वीरगञ्जस्थित नारायणी रङ्गशालामा आइतबार भएको खेलमा वीरगञ्ज कलेज प्रा. लि. लाई १ सय २२ रनको भीमकाय अन्तरले पराजित गर्दै ग्लोबल बिजनेस कलेजले तेस्रो जित हात परेको हो । वीरगञ्ज कलेजले हालसम्म एउटा म्याच पनि जित्न सकेको छैन । टस जितेर पहिलो इनीङ्गमा ब्याटीङ्ग रोजेको ग्लोबल कलेजले निर्धारित २० ओभरको खेलमा ८ विकेट गुमाएर २ सय १ रनको विशाल योगफल बनायो । जवाफी कारवाहीमा उत्रेका वीरगञ्ज कलेजका बल्लेबाज ७९ रनमै समेटिए । ग्लोबलका बलरले वीरगञ्ज कलेजका खेलाडीलाई १५ दशमलभ ५ ओबरमा अलआउट गर्दै घर पठाए । ग्लोबलका लागि इरफान मियाँ ठकुरीले एक्लै ८२ रन बनाए । उनले ३ छक्का र ११ चौकाको सहयोगले टिमका लागि उक्त रन जोडे । त्यसैगरी सिकन्दरकुमार साहले १२ बलमा १ छक्का र ४ चौकाको सहयोगले २७ रन जोडे । वीरगञ्ज कलेजको पूरै टिमले जोडेको रनभन्दा बढी मियाँ एक्लैले बनाए । बलिङ्ग तर्फपनि ग्लोबलको उत्कृष्ट प्रदर्शनी रह्यो । ग्लोबलका लागि रोहनकुमार साहले ४ ओभरमा २० ओभर खर्चेर ४ विकेट लिए भने विराजकुमार आलेले ४ ओभरमा १४ रन खर्चेर ३ विकेट लिए ।वीरगञ्ज कलेजका लागि जीशान हवारी धोवीले २९ र मुकेशकुमार साहले ७ रन बनाए । खेलमा सबैभन्दा उत्कृष्ट प्रदर्शनी गरेका इरफान मियाँ ठकुरीले प्लेयर अब द् म्याचको उपाधि प्राप्त गरे ।

यसैगरी प्रतियोगिता अन्तरगत आइतवार भएको दोश्रो खेलमा नेशनल ईन्फोटेक कलेजले त्रिजुद्ध माविलाई १ सय २ ९ रनको फराकिलो अन्तरले पराजित गरेको छ । टस जितेर ब्याटिंग रोजेको नेशनल ईन्फोटेक कलेजले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै १ सय ९६ रनको योगफल तयार पारेको थियो । १ सय ९७ रनको विजय लक्ष्य लिएर मैदानमा उत्रिएको त्रिजुद्ध मावि १६ ओभरमा सबै बिकेट गुमाएर ६७ रनमै समेटिएपछि नेशनल इन्फोटेक विजयी भएको हो । प्रतियोगितामा नेशनल ईन्फोटेक कलेजका सफवन अंसारी प्लेयर अफ दी म्याच घोषित भएको नेशनल ईन्फोटेक कलेजका प्रबन्ध निर्देशक मनिष सिंहले जानकारी दिएका छन् ।

# अग्निपीडित परिवारलाई राहत वितरण




विनय कर्ण
सप्तरी, २४ पुष । धर्मी हल्फा महिला विकास क्लव सप्तरीले अग्निपीडित परिवारलाई राहत वितरण गरेको छ ।

राजगढ़ गाउपालिका वडा नम्बर १ झुटकी टोलका अग्निपीडित धर्मनारायण यादवको परिवारलाई राहत वितरण गरिएको हो ।

गएको १८ पुषमा धर्मनाराणको घरमा आगलागी हुँदा उनका सबै घर तथा नगद र जिन्सी जलेर नष्ट भएको थियो ।

राहत स्वरुप त्रिपाल, झुल तन्ना, धोती, साड़ी, थाल, ग्लास, डेक्ची, कराही, बालटिन, मग सहितका सामाग्रीहरु उपलब्ध गराईको संस्थाका अध्यक्ष एवं समाजसेवी ई. सूर्यनारायण यादव जानकारी दिए । इलाका प्रहरी कार्यालय झुटकी को बरिष्ट प्रहरी नायब निरीक्षक नागेन्द्र चौधरी, निवर्तमान वडा अध्यक्ष नारायण यादव लगायतको उपस्थितीमा राहत वितरण गरिएको संस्थाले जनाएको छ । आगलागीबाट करिव १२ लाख भन्दा बढिको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

# स्थानियतहका पदाधिकारीहरुसँग अभिमुखिकरण




आरके श्रीवास्तव
गौर,पुस २४
रौतहट सदरमुकाम गौरमा स्थानिय तहका पदाधिकारीहरु सँग अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । स्थानीय तहका पदाधिकारीका लागि गौर नगरपालिकामा ३ दिने अभिमुखिकरण सम्पन्न भएको हो । गौर नगरपालिकाको आयोजनामा सो अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा स्थानिय तहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार तथा वितिय सूशासन जोखिम मूल्यांकन सम्बन्धि अभिमुखीकरण सम्पन्न भएको हो।

गौर नगर प्रमुख शम्भु साहको अध्यक्षतामा रामाधिन यादव र बिश्वराज लुइँटेल अभिमुखिकरण कार्यक्रममा सहजिकरण गरेको नगर प्रवक्ता अर्जुन सिहले जानकारी दिए ।

# सडक तथा नाला निमार्णका लागि जग्गा गराइयो खाली

आरके श्रीवास्तव
गरुडा,पुस २४
जनप्रतिनिधीहरुलाइ विकास निर्माणको कार्य गराउन कम्ती



गाह्रो छैन् । यसको प्रत्यक्ष उदाहरण कटहरिया नगरपालिकाको वडा नम्बर ८ मा देखिएको छ। रौतहट जिल्लाको कटहरिया नगरपालिका अन्तर्गत वडा नम्बर ८ मा आर्थिक वर्ष २०७९/०८० का लागि सहरी विकास मन्त्रालयद्धारा आएको बाटो निर्माण कार्य गराउन जग्गा खाली गराइएको छ। कटहरिया नगर प्रमुख अजय प्रकाश जयसवालको निर्देशनमा सो वडाका वडा अध्यक्ष समिश बिक्रम शाहको सक्रियतामा आइतवार ढलान तथा नाला निर्माण कार्य अगाडी बढाउन अतिक्रमण गरि राखिएको जग्गा खाली गराइएको हो ।

जग्गा खाली गर्नका लागि दुइ चोटी सूचना जारी भएको थियो। तर सो सूचनाको अटेर हुन थाले पछि वडा अध्यक्ष शाह आफै सक्रिय भइ जग्गा खाली गराएका हुन् ।

कटहरिया ८ पिप्रा पोखरियामा करिब १ किलोमिटर ढलान तथा नाला ४ सय मिटर भन्दा बढी निर्माण हुन लागेको हो ।

सो टोलमा आश्रय निर्माण सेवाले ढलान तथा नाला निर्माणको लागि करिब ... लाखमा ठेक्का साकार गरेको हो ।

पिप्रा पोखरिया स्थित नागेन्द्र राय यादवको घर देखि वडा कार्यालय सम्म,वडा कार्यालय देखि ब्रहमस्थान सम्म,रामाकान्त राय यादवको घर देखि धरखन राय यादवको घर सम्म,ट्रान्सफर्मर देखि वडा कार्यालय सम्म,नागेन्द्र राय यादवको घर देखि मेघु दासको घर सम्म १६ फिट,हरिन्द्र राय यादवको घर देखि जोतनारायण यादवको घर सम्म २५ फिटको बाटो, नाला निर्माण कार्य भइरहेको छ ।

ढलान तथा नाला निर्माण हुने बाटोमापरेको घर,टहरा,गुम्ती,नादी लगायतका कुराहरु खाली गर्न सूचना टाँस गरिको थियो । जग्गा खाली गराउने क्रममा स्थानिय भद्रभलादमी,गाउँलेहरुको सहभागिता रहेको थियो ।

# बालबालिकालाई कोभिड विरुद्धको खोप दिइने

मधेशदृष्टि
वीरगंज, २४ पुस । पर्सा जिल्ला खोप समन्वय समितिसँगको सहकार्यमा वीरगञ्जमा सोमबार देखि बालबालिकाहरुलाई कोभिड-१९ विरुद्धको फाइजर खोप लगाइने भएको छ ।

ग्रिनसिटी सामुदायिक सेवा केन्द्र बीरगंजले जिल्ला खोप समन्वय समितिसँगको सहकार्यमा वीरगञ्जमा बालबालिकाका लागि कोभिड-१९ विरुद्धको फाइजर खोप लगाउने अभियान सञ्चालन गर्न लागेको हो ।

पाँच वर्षदेखि ११ वर्षसम्मका बालबालिकालाई विशेष प्राथमिकतामा राखेर फाइजर खोपको पहिलो, दोस्रो र बूस्टर डोज (मात्रा) लगाइने ग्रिनसिटी सामुदायिक सेवा केन्द्र तथा ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतानले जानकारी दिएका छन् ।

पुस ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रको कार्यालयमा बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म खोप लगाइने कार्यक्रम रहेको छ । त्यसैगरी अन्य उमेर समूहका व्यक्तिका लागि ग्रिनसिटीको कार्यालयमै भेरोसेल खोपको पहिलो, दोस्रो र बूस्टर डोजको व्यवस्था गरिएको भए पनि सर्वसाधारण खोप लगाउन उल्लेखित संख्यामा उपस्थित नभएको जनाइएको छ ।

सम्पादकीय

# राज्य पोषित तस्करी

नेपाल सरकार आफैले गरेको पछिल्लो अध्ययनले सीमा क्षेत्रबाट हुने तस्करीमा राज्यका जिम्मेवारहरुको हात रहेको तथ्य बाहिर आएको छ। गृह मन्त्रालयका सहसचिव डा. भीष्मकुमार भुसालको संयोजकत्वमा गठित कार्यदलले तयार पारेको प्रतिवदेनमा मंसिर ४ मा सम्पन्न आम निर्वाचनको समयमा गरिएको अध्ययनका विवरणहरु छन् । प्रतिवेदनमा चुनावको समयमा विभिन्न सीमा नाकाबाट भएका तस्करीमा राजनीतिक दलका तल्लो तहदेखि केन्द्रसम्मका नेताहरूको मिलेमतो रहेको उल्लेख छ ।

कार्यदलमा नेपाल प्रहरीका डीआईजी भीमप्रसाद ढकाल, सशस्त्र प्रहरीका डीआईजी किशोर प्रधान र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक भीमबहादुर बुढाथोकी सदस्य रहेका थिए । तस्करी नियन्त्रणसँग सम्बन्धित निकायका जिम्मेवारहरुले तयार पारेको प्रतिवेदनमा राजनीतिकर्मीहरुलाई मुछ्ने काम गरिएको छ। के त्यसो हो भने सीमा सुरक्षामा बस्ने सशस्त्र प्रहरी, नेपाल प्रहरी र तालुकवाला गृहमन्त्रालयका जिम्मेवारहरु चोखा छन् त ? सरकारी जागिर खाएकाहरुले आफ्नो पदिय जिम्मेवारी निर्वाह गर्ने हो भने राजनीति गर्नेहरुको बोलाबाला रहदैन नै। सबै भन्दा पहिला कर्मचारी, प्रहरी तन्त्रमा सुधार आउनुपर्दछ। आफ्नो जिम्मेवारीमा अरुलाई दोष दिनु भनेको जवाफदेहीबाट पन्छनु हो ।

आम निर्वाचनमात्र होइन सरकारले विदेशी मुद्रा सचिति कम रहेको भन्दै कतिपय सामाग्री आयातमा रोक लगाएपछिनै तस्करी मौलाएको हो । पछिल्लो पाँच महिनामा मुलुकका सबै जसो भंसार नाकाहरुबाट लक्ष्य भन्दा निकै कम राजस्व संकलन भएको छ । कतिपय नाकाहरुमा त अघिल्लो वर्षको यही समयको तुलनामा कम राजस्व संकलन भएको छ। एकातिर राजस्व कम संकलन भैरहेको छ भने सीमा नाकाबाट खुलेआम तस्करी सामान्य बनेको देखिन्छ । .भंसार कर्मचारी, सशस्त्र प्रहरी र नेपाल प्रहरीको मिलोमतोमा तस्करीका घटना भइरहेका हुन्छन ।र, कहिलेकाँही संभवत सरकारी निकायका पदाधिकारीहरुबीच समन्वय नमिल्दा प्रकाउ परेको देखिन्छ । त्यस्तो बेला प्रहरीले बहादुरीकासाथ तस्करीमा सामान नियन्त्रण गरेको समाचारहरु प्रकाशीत हुन्छन्, प्रसारित हुन्छन् । यी भए फितलो र स्वार्थपरक सीमा सुरक्षा र भंसार व्यवस्थापनबाट उत्पन्न समस्या ।

अर्को खतरनाक तस्करीको जालो भने सरकारबाट निर्देशित पोषित पल्लवित छ नीति हो जुन वर्पोदेखी अख्तियार गरिदैं छ । त्यो भनेको सुपारी, केराउ, ल्वाª, पोस्तादाना, सकुमेल, मरिच, प्रशाधन लगायतका सामानको तस्करीको सशत्त जालो अनुकुल नीति बनाउनु । नेपाल सरकार आफैले यस्ता कतिपय सामाग्रीहरु तस्करी हुने वातावरण बनाउँदै आएको छ । व्यापारीहरुले तेश्रो मुलुकबाट सुपारी, केराउ,ल्वाङ्ग, पोस्तादाना, मरिच आयात गर्ने बोर्डर नजिक भण्डारण गर्ने र त्यँहीबाट भारतमा निर्यात अर्थात धोषित तस्करी गर्ने गर्दछन् । कानूनमा नेपाली सुपारी र केराउ भारत निर्यात गर्न मिल्ने व्यवस्था छ। त्यसको फाइदा उठाउँदै व्यापारीहरूले चीन लगायतका मुलुकबाट सुपारी र केराउलाई नेपाली हो भन्ने कागज बनाएर दैनिक टनकाटन भारत पठाउने गरेको प्रतिवेदनमा उल्लेख छ ।प्रतिवेदनमा विशेष गरेर झापाको काँकडभिट्टा नाकाबाट त्यसरी सुपारी तस्करी हुने बताइएको छ ।भारतबाट खाद्यान्न, चिनी, लत्ताकपडा लगायतका सामाग्री आयात हुने गरेका छन् ।

नेपालले वर्षोदेखी तस्करी प्रोत्साहित हुने नीति अख्तियार गर्दे आएकोले तस्करी नियन्त्रणको काम पनि केन्द्रबाटै हुन आवश्यक हुन्छ । कसरी राज्यले तस्करीलाई प्रोत्साहित गर्दछ त?यो प्रश्नको उत्तर खोज्दा किन हुन तस्करी भन्ने अर्को प्रश्न उपस्थित हुन्छ । कुनै देशमा खुलेआम बिक्री हुने,कुनै देशमा कडा नियन्त्रणमा बिक्री हुने अवस्थामा तस्करी हुन्छ। मूल्य अन्तर जतिबढी भयो त्यत्तिनै तस्करी हुने खतरा रहन्छ । नेपालले कसरी तस्करी प्रोत्साहित गर्दछ त ?

भारतले आजको तीनसाता पछि अर्थात फेब्रवरी १ तारिख २०२३ मा २०२३/२४ को वार्षिक बजेट धोषणा गर्देछ । सन् २०१७ देखी फेब्रुवरी १ मा भारतका अर्थमन्त्रीले बजेट पेश गर्दे आएका छन् । बजेट घोषणामा कुन कुन सामान नियन्त्रणमा राख्ने, कुन कुन खुला छोड्ने, कुनमा बढी भंसार तोक्ने भन्ने हुन्छ । भारतले जे जेमा उच्च भंसार राखेको छ,जे सामानमा नियन्त्रण गर्न खोजेका छ, ति ति सामानका नेपालले कम भंसार दर राख्यो भने मूल्यमा निकै फरक हुन्छ, तस्करी बढ्छ। भारतले बजेट घोषणा गरेको झण्डै चार महिना पछि प्रत्येक वर्षको जेठ १५मा नेपालको बजेट घोषणा हुन्छ । बजेट निर्माणकै बेला भारतले उच्च भंसार राखेका सुपारी, ल्वाङ्ग, केराउ, पोस्तादानामा नेपालले पनि भारतकै हाराहारी भंसार दर राख्यो भने तस्करीको संभावना हुँदैन। अर्को तर्फ तस्करी गर्ने उदेश्यले आयात गर्दा ठूलो परिणाममा खर्च हुने विदेशी मुद्राको अपचलन पनि आफै नियन्त्रण हुन्छ । तस्करी नियन्त्रण गर्न सीमामा पहरा दिएर भन्दा बजेट भाषणबाट धेरै हदसम्म नियन्त्रण गर्नसकिन्छ। तर,दुर्भाग्य समस्याको जड थाहा पाएर पनि समाधान नखोज्ने हाम्रो नियतीले तस्करी प्रोत्साहित, पोषित हुँदै आएको छ ।

# जल विज्ञान : पोखरी संरक्षण

*जलप्रवाहलाई मुख्यतया दुई किसिमले अध्ययन गरिन्छ- सतह जलप्रवाह एवम् भूमिगत जलप्रवाह। नदी, नाला, खोला, ड्रेन, सिमसार क्षेत्रआदिलाई सतह जलप्रवाहसंग जोडिए पनि यसमा भूमिगत जलप्रवाहको योगदान पनि उतिकै रहन्छाभू-सतहभित्र क्षैतिज दिशा र पृथ्वीको गुरुत्वबलको दिशामा हुने जलप्रवाहले हिमाल, पहाड तथा तराईका भूमिगत जल भण्डारणलाई प्रकृतिले आफ्नो विधि अनुसार जीवन्त राख्दछ ।*



**– सुमन कुमार झा**

पृथ्वीमा बसोबास योग्य क्षेत्रहरु मध्ये अधिकांश क्षेत्रहरु जलसंकट सन्निकट उभिएका छन् । भूगोल विशेष अनुसार जलसंकटका प्रकृति, प्रभाव तथा आयामहरु बीच भिन्नता रहे पनि, समुच्ययमा जलसंकटको कहालीलाग्दो अवस्थाबाट भविष्यमा मानवमात्र हैन प्राणिजगत नै प्रभावित हुने कुरामा असहमत हुन सकिदैन ।

एशिया महादेशमा रहेको जनसंख्याको चाप, युरोपीय र अमेरिकी विकासका अनुभवहरु तथा अवधारणाहरुले सिर्जना गरेको संकटको अवस्था बीच जलसंरक्षण, माटोसंरक्षण, वायुसंरक्षणसंगै स्थानीय ईकोसिस्टमको पूनःस्थापना तथा गतिशीलता आफैमा विज्ञहरुकोलागि चुनौती रहेको छ । बहुतात्विक अन्तरनिर्भरता रहेका यी विषयहरु मध्ये जलसंकटबाट उत्पन्न प्रभावहरुको न्यूनिकरणको एउटा उपायको रुपमा रहेको पोखरी संरक्षण सम्बन्धमा भईरहेका प्रयासहरुको सन्दर्भमा भूमिगत जलप्रवाह तथा सतह जलप्रवाहबीचको अन्तर्क्रिया तथा अन्तरनिर्भरता सम्बन्धमा छोटो विमर्श गरौं।

पोखरीहरुले मुख्यतया वर्षाको पानीलाई जम्मा राखेर सुख्खायाममा प्रकृति तथा मानवजन्य प्रयोजनका लागि न्यूनतम मात्रामा भए पनि उपलब्ध गराउँदछ ।मानवबस्ती विकाससंगै दुनियाभर अनेक रुपमा विविध प्रयोजनका लागि ती बस्तीहरुको पहुँचमा पोखरीहरु खनिएका होलान् ।हिमाल तथा पहाडमा भूमिगत जलप्रवाहको दिशा एवम् तराईमा सो को दिशामा धेरै नै फरक पर्दछ। उच्च भू-भागमा जनसंख्याको चाप कम रहे पनि पोखरीमा संकलित पानीको उच्चत्तम प्रयोग मानवीय आवश्यक्ता परि पुर्तिमा हुन्छ ।तराईमा रहेको प्राकृतिक तथा मानव निर्मित पोखरीहरु हिमाल तथा पहाडमा जस्तै मानवीय आवश्यक्ता पूर्तिका, सांस्कृतिक महत्वका, भूमिगत जलभण्डारणका एवम् अन्य जल क्रीडात्मक प्रयोजनका लागि प्रयोग भईरहन्छन्।

पोखरी संरक्षण

संघीय नेपालको अवधारणा कार्यान्वयनसंगै स्थानिय सरकारहरुले पनि जनताका सरोकारहरुलाई सकेसम्म छुने प्रयास नगरेका होईनन् - एकाध अपवाद बाहेक, जसमध्ये एउटा विमर्शिय विषयको रुपमा स्थानियस्तरमा हुने पोखरी संरक्षण सन्दर्भमा जलप्रवाह विज्ञान बारे छोटो चर्चा गरौं ।पोखरीले आफ्नो जलाधार क्षेत्रसंग प्रकृतिको नियम अनुसार परस्पर सम्बन्ध स्थापना गर्दछ ।अर्थात पोखरीको समग्र पर्यावरणका तत्वहरु विशेषतः जन्तु ,जल, जमिन र वनस्पति बीच ईकोसिस्टमको चक्र स्थापित रहन्छ ।ईकोसिस्टमको चक्र निर्बाध संचालनमा रहनु पोखरीको पर्यावरणिय सन्तुलनका लागि अपरिहार्य हो ।सूर्यबाट प्राप्त उष्मा, वायुमण्डलमा परावर्तित उष्मा र जलवायु परिवर्तनका कारण उत्पन्न उष्मा को समग्र प्रभावले पोखरीमा संकलित पानीको तापमान निर्धारण गर्दछ ।स्थानीय सरकारहरुसंग दक्ष तथा अनुभवी ईञ्जिरनियरहरुको अभाव रहेको अवस्थामा पोखरी संरक्षणको लागि ईंटा तथा कंक्रिटका अप्रवाही (इम्परमियेबल) पर्खालहरु पोखरी किनाराभित्र चारैतिर निर्माण गरिएको प्रशस्त भेटिन्छन् ।परिभाषानै गर्ने हो भने पोखरीबाट माटोमा हुने जलप्रवाह तथा माटोबाट पोखरीमा हुने जलप्रवाह अधिकांश त्यस्ता पर्खालहरुका कारण बाधित हुने हुनाले जलको स्थिति उर्जा (हाईड्रोस्टेटिक ईनर्जी) का कारण जलप्रवाहले नयाँ बाटोहरू खोज्दछ। सुख्खायाममा भूमिगत जलप्रवाहको क्षैतिज अंशले पनि पोखरीहरुलाई जीवनप्रदान गर्दछापोखरी माथि निर्भर सुक्ष्मजीव, जलचर, उभयचर र वनस्पति बीचको ईकोसिस्टम कसरी अन्तरसम्बन्धित रहने विषय जलप्रवाहले निर्धारण गर्दछ ; जबकि बर्षाका कारण पोखरीमा पानीको सतह बढ्न गई पोखरीबाट माटोमा हुने क्षैतिज प्रवाहले पनि भुमिगत जलभण्डारण तथा माटोमूनि रहेका जीव तथा सतहमा उम्रिने वनस्पतिका लागि वनस्पतिको जराक्षेत्रमा पर्याप्त मात्रामा पानी उपलब्ध गराउन सहयोग पुर्याउँदछ।

हामीले सिमेन्ट प्रयुक्त अप्रवाही (इम्परमियेबल) पर्खाल निर्माण गरेर पोखरीको पानी तथा भूमिगत जलप्रवाहको प्राकृतिक संतुलन बिगारेका छौं ।वर्षाको पानी संकलन तथा जलसंरक्षण कार्यको एउटा प्राथमिक श्रोतको रुपमा रहेको पोखरीको ईकोसिस्टम हामी किन खल्बलाँउदै छौ ? पर्याप्त सतह जलश्रोत जस्तैः नदी, खोला आदि नेपालमा उपलब्ध रहे पनि अत्याधिक जनघनत्व रहेको तराई-मधेशमा पिउने पानीको श्रोत भूमिगत जलश्रोत नै रहेको हो। पोखरीको ईकोसिस्टम संतुलन रहनु आफैमा निर्विवाद विषय हो ।

के गर्ने ?

पोखरीको पानी तथा भूमिगत जलश्रोतको अन्तर-प्रवाहलाई कुनैपनि अवस्थामा पोखरी संरक्षण कार्यले बाधित पार्नु हुदैन- यो भूमिगत जलभण्डारण (ग्राउण्ड वाटर रिचार्ज)को स्थापित तथ्य हो ।क्षैतिज जल प्रवाह निरन्तर कायम रहने, ठोस तर प्रवाही (परमियेबल) पर्खाल लगाउने प्रविधि प्रयोगमा ल्याउनु पर्दछ। जस्तै : ढुंगाले भरिएको तार जाली, प्वालहरु भएको पर्खाल (परफरेटेड वाल), जियोमेम्ब्रेन आदि ।यसले जलप्रवाहलाई सतत कायम राख्नेत, माटोबाट पानीमा र पानीबाट माटोमा बस्न जाने स-साना जीवहरुको आवागमनमा बाधा उत्पन्न नगर्ने र पोखरीको ईकोसिस्टम नै परिवर्तन हुन नदिने गुणधर्म भएका संरचनाहरु निर्माणमा यथेष्ठ ध्यान पुर्याउन जरुरी देखिन्छावर्षातमा हुने बहावले सतहमा रहेको खुकुलो माटो बगेर पोखरीमा पुग्दछ, जसले आफूसंग बोकेको रसायनिक मलका अवशेषहरुले पोखरीको पर्यावरण प्रभावित हुन जान्छ।

अन्तमा

पोखरीको सौन्दैर्यिकरण आफैमा अत्यन्त राम्रो कार्य त हो, तर यसले पोखरीको जलीय संतुलनमा नकारात्मक प्रभाव नपारुन्जेलसम्म मात्र । पोखरीको किनाराभित्र हुने अप्रवाही पर्खालको निर्माण निरुत्साहित गरेर अन्य विकल्पहरु जस्तै बायो ईन्जिनियरिङ्गका विधिहरु प्रयोगमा ल्याई (पोखरीको चारैतर्फ वृक्षारोपण, बुट्यान रोपण, ग्रिनवेल्ट निर्माण आदि ) पोखरी तथा भूमिगतजल बीचको जलीय संतुलन कायम राख्नप सकिन्छ।

# क्रिकेटमाथि नेपालमा श्रृंखलावद्ध प्रहार



**– आशुतोष अधिकारी**

*फिक्सिङ र सट्टेबाजीलाई प्रवेश गराएको गम्भीर आरोप क्यानमाथि लाग्न पुगेको छ ।*

धेरै समय भएको थियो नेपाली क्रिकेटले आफ्नो सही बाटो बिराएको । पछिल्ला पाँच-सात वर्षको अवधिमा नेपाली क्रिकेटको क्षेत्रमा, मैदानभित्र र मैदान बाहिर समेत, भएका विविध गतिविधिहरुको सामान्य विश्लेषण मात्र गर्ने हो भने पनि यसको विकासको गति किन र कसरी अवरुद्ध हुन पुग्यो भन्ने कुरा बुझ्न धेरै गाह्रो पर्दैन ।

यो कालखण्डमा नेपाली क्रिकेटले श्रृंखलावद्ध रुपमा अनेकथरिका विवाद, अनावश्यक राजनीतिक हस्तक्षेप र गुटबन्दी, बाह्य हस्तक्षेप र प्रतिवन्ध जस्ता समस्याहरुको मारमा नराम्ररी पिल्सिल्नु पर्‍यो। यस्तै यावत् समस्याहरुका कारण अन्तर्राष्ट्रियस्तरमा नेपाली क्रिकेटको स्तरमा बढ्नुको साटो झन् घट्दै गयो, नेपालको छवि धुमिल हुँदै गयो र नेपाली क्रिकेटको साख लगातार तल-तल गिर्न पुग्यो ।

सन् २०१४-१५ ताका नेपाली क्रिकेटमा बिजारोपण गरिएको चरम राजनीतिक हस्तक्षेप र गुटबन्दीको वृक्ष आजको मितिसम्म आइपुग्दा लगातार फल्दै फुल्दै झाँगिएर आएको छ र त्यसको नियति आज नेपाली क्रिकेटले भोग्नु परिरहेको छ ।

नेपाली क्रिकेटमा चरम राजनीतिक हस्तक्षेप र क्यानका पदाधिकारीद्वारा भएका आर्थिक अनियमितताका कारण २०१६ मा विश्व क्रिकेट परिषद् (आइसीसी)ले नेपाली क्रिकेटमाथि तीन वर्षको प्रतिवन्ध नै लगाउनु परेको थियो । त्यो दिन नेपाली क्रिकेटको लागि एउटा कालो दिन थियो ।

नेपालमाथि प्रतिवन्ध लागिसक्दा पनि नेपाली क्रिकेटको बागडोर सम्हालेर बसेकाहरु आफ्नो स्वार्थको घेराबाट टसमस नहुँदा त्यसको महंगो मूल्य नेपाली क्रिकेटले नै चुकाउनु परेको छ । यस बीचमा नेतृत्वको अकर्मण्यताका कारण खेलाडीहरुले विद्रोह गर्नंपर्ने अवस्था समेत सिर्जना भएका छन् । नेपाली क्रिकेटको श्रीबृद्धिमा ठूलो योगदान दिएका नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तान पारख खड्काको राष्ट्रिय टोलीबाट भएको दुखद् बहिर्गमनलाई यही पाटोसँग जोडेर हेर्न सकिन्छ ।

पछिल्ला पाँच-सात वर्षभित्र अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा नेपालको प्रदर्शनलाई मूल्यांकन गर्ने हो भने पनि सन्तोष गर्न सकिने कुनै ठाउँ छैन । बाहिरबाट हेर्दा नेपालको प्रदर्शन ठिक-ठाक देखिए पनि महत्वपूर्ण र निर्णायक प्रतिश्पर्धाहरुमा नेपाल प्रायः चुक्दै आएको छ ।

एशिया कप छनौटमा निराशाजनक प्रदर्शन पछि गत वर्षको फेब्रुअरीमा युएईमा सम्पन्न टी-२० विश्वकप छनौटको निर्णायक खेलमा चुक्दा नेपालले विश्वकप खेल्न पाउने स्वर्णीम मौका गुमाउनु परेको थियो । त्यस्तै विश्व क्रिकेट लिगमा लगातारको खराब प्रदर्शन पछि नेपालको एकदिवशीय मान्यता समेत धरापमा परेको छ ।

सात राष्ट्र सम्मिलित प्रतियोगितामा नेपाल छैठौं स्थानमा छ। प्रतियोगिताको अन्त्यसँगै शीर्ष ५ टोलीको मात्र एकदिवशीय मान्यता यथावत् रहने प्रावधान छ, यस्तोमा नेपालको प्रदर्शन अझै खस्कँदै जानु चिन्ताको विषय बन्न पुगेको छ ।

चरम् राजनीतिक हस्तक्षेपका कारण नेपाली क्रिकेटको बागडोर यो खेल बुझ्दै नबुझेका पार्टीका झोले कार्यकताहरुको हातमा पुगेको धेरै समय बितिसकेको छ । क्रिकेट नै नबुझेकाहरुलाई क्रिकेटको कार्यकारी निकायको जिम्मेवारी सुम्पिइँदा क्रिकेटको विकासका लागि आवश्यक कदम चाल्न क्यान पूर्णतः असफल भएको छ ।

काठमाडौंमा जारी नेपाल टी-२० लिग क्रिकेट प्रतियोगितामार्फत नेपाली क्रिकेटमा आधिकारिक रुपमा स्पट फिक्सिङ र सट्टेबाजीलाई प्रवेश गराएको गम्भीर आरोप क्यानमाथि लाग्न पुगेको छ। संसारभर लोकप्रिय भारतको इन्डियन प्रिमियर लिग (आइपीएल) कै फ्रेञ्चाइज मोडलमा सञ्चालन गरिने भनेर बहुप्रचारित नेपाल टी-२० लिगको आयोजनासँगै थुप्रै विवाद र समस्याका चाङ पनि सतहमा आएका छन् ।

क्रिकेट विकासका लागि आवश्यक योजना र कार्यक्रमहरु कार्यान्वयन हुन नसक्दा आज देशको ‘ग्रासरुट क्रिकेट’ को अवस्था दयनीय बन्न पुगेको छ । जनस्तरमा क्रिकेट खेललाई लोकप्रिय बनाउन क्यानले कुनै ठोस कदम अगाडि बढाउन नसक्दा आम मानसमा रहेको क्रिकेट खेलप्रतिको आकर्षणमा समेत कमी आएको पाइएको छ । फरक-फरक उमेर समूहका वा विद्यालय र कलेजस्तरका धेरैभन्दा धेरै क्रिकेट प्रतियोगिताहरुको आयोजना हुन सकेमात्र ‘ग्रासरुट’ बाट क्रिकेटको विकास सम्भव हुन्छ ।

यसका लागि क्रिकेटका बढीभन्दा बढी पूर्वाधारको विकास गर्नंपर्ने हुन्छ। तर नयाँ प्रतियोगिताहरुको आयोजना र पूर्वाधार विकास, यी दुवै विषयप्रति क्यान उदासीन भइदिँदा नयाँ खेलाडी उत्पादनदेखि राष्ट्रिय टोलीको प्रदर्शनमा समेत ह्रास आएको छ ।

यस्तै अनिश्चितताका बीच जसोतसो चलिरहेको नेपाली क्रिकेटलाई त्यातबेला अर्को झट्का लाग्यो जतिबेला नेपालका प्रख्यात क्रिकेटर सन्दिप लामिछाने बलात्कारको आरोपमा पक्राउ परे ।

२०२२ को सेप्टेम्बर ६ मा एक नावालिग युवतीले काठमाडौंमा सन्दिप विरुद्ध बलात्कारको मुद्दा दायर गरेकी थिइन्। त्यतिबेला केन्यासँगको श्रृंखला खेल्न राष्ट्रिय टोलीको नेतृत्व गर्दै नैरोवी गएका सन्दिप त्यहाँबाट पनि क्यारेवियन प्रिमियर लिग खेल्न वेष्टइन्डिज पुगिसकेका थिए ।

उनीमाथि यस्तो गम्भीर आरोप लागेपछि क्यानले तत्कालै उनको कप्तानको पद खोसेको थियो भने उनलाई राष्ट्रिय टोलीबाट पनि निलम्बन गरिएको थियो । सन्दिपमाथि यस्तो आरोप लाग्नेबित्तिकै विदेशी फ्रेञ्चाइज लिग खेल्ने सम्भावना समेत तत्काललाई समाप्त भएका कारण उनी त्यताबाट गोप्यरुपमा अमेरिका लागेका थिए ।

आफूमाथि यौनशोषण जस्तो जघन्य आरोप लागेपछि कसैको सम्पर्कमा नआएको सन्दिप त्यसको दुई हप्तापछि फेसबुक लाइभमार्फत सार्वजनिक भएका थिए। त्यहाँ उनले आफूलाई फसाइएको बताएका थिए भने न्यायको लागि कानूनी लडाइँ लड्ने भन्दै सहयोगका लागि क्यानसँग आग्रहसमेत गरेका थिए ।

आफूमाथि आरोप लागेको एक महिनापछि अन्ततः नेपाल फर्किएका सन्दिप त्यसयता कानुनको कठघरामा छन् । उनको मुद्दाको अन्तिम फैसला हुन बाँकि नै भएका कारण उनी पूर्पक्षका लागि केन्द्रिय कारागारमा थुनामा छन् ।

सन्दिप प्रकरणमा सत्यतथ्य जे-जस्तो भएपनि उनीजत्तिका प्रतिभाशाली र अन्तर्राष्ट्रिय मञ्चमा समेत लोकप्रियता कमाउँदै नेपालको नाम संसारभर फैलाउन सफल खेलाडीको यो अवस्था हुनुले नेपाली क्रिकेटलाई भने ठूलो क्षति पुगेको छ ।

एकातिर सन्दिप लामिछानेलाई आफ्नो आदर्श मानेर उनको पथमा चल्न खोज्ने युवा खेलाडी तथा उनका समर्थकको मनमा यस घटनाले नराम्रो चोट दिएको छ भने अर्कातिर यही घटनाका कारण उनका समकक्षी साथीहरुको मनोबल समेत गिर्न पुगेको अवस्था छ ।

अन्तर्राष्ट्रिय स्तरमा चर्चित सन्दिप यसरी यौन प्रकरणमा फसेपछि अन्य नेपाली खेलाडीहरुका लागि विदेशी फ्रेञ्चाइज लिगको ढोकासम्म पुग्न अबका दिनमा अझै कठिन हुने अनुमान गर्न सकिन्छ। त्यसैले सन्दिप प्रकरणलाई पनि नेपाली क्रिकेटको एउटा दूर्भाग्य मान्न सकिन्छ ।

यी र यस्ता थुप्रै कठिनाइहरुका बीच पनि जसोतसो अगाडि बढिरहेको नेपाली क्रिकेटको आकाशमा अहिले संकटका नयाँ-नयाँ काला बादलहरु मडारिन आइपुगेका छन – स्पट फिक्सिङ र सट्टेबाजीका रुपमा ।

काठमाडौंमा जारी नेपाल टी-२० लिग क्रिकेट प्रतियोगितामार्फत नेपाली क्रिकेटमा आधिकारिक रुपमा स्पट फिक्सिङ र सट्टेबाजीलाई प्रवेश गराएको गम्भीर आरोप क्यानमाथि लाग्न पुगेको छ। संसारभर लोकप्रिय भारतको इन्डियन प्रिमियर लिग (आइपीएल) कै फ्रेञ्चाइज मोडलमा सञ्चालन गरिने भनेर बहुप्रचारित नेपाल टी-२० लिगको आयोजनासँगै थुप्रै विवाद र समस्याका चाङ पनि सतहमा आएका छन् ।

सबैभन्दा ठूलो विवाद क्यानले आठ वर्षका लागि नेपाल टी-२० लिगको आयोजनाको सम्पूर्ण अधिकार सुम्पिएको भारतीय कम्पनी सेभनथ्रीस्पोर्टस्लाई लिएर छ । भारतमै समेत विवादित यो कम्पनीको मुख्य उद्देश्य नै जुवा (सट्टेबाजी) खेलाउनु हो भन्ने कुरा कसैबाट लुकेको छैन । यस्तो जानकारी हुँदाहुँदै पनि ५१ पन्नाको सम्झौतापत्र

- बाँकी पृष्ठ ६ मा

> *“ पछिल्ला पाँच-सात वर्षभित्र यहाँ क्रिकेटका नाममा भएका विभिन्न अवाञ्छित गतिविधिका कारण आज नेपाली क्रिकेटले यो दूरावस्था भोग्नु परिरहेको छ। वास्तवमा भन्नुपर्दा नेपाली क्रिकेट अहिले अघोषित रुपमा संक्रमणकालीन अवस्थामा पुगेको छ।*



कोशी टप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा देखिएका अर्नाको झुण्ड । तस्बिर : नवीन गड्तौला/रासस

# भ्रष्टाचार नियन्त्रणका लागि सरकार गम्भीर छ : प्रधानमन्त्री



काठमाडौँ, २४ पुस
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूतिका निम्ति सरकार गम्भीर रहेको बताए । यस विषयमा सरकारको प्रभावकारी भूमिका हुनुका साथै राष्ट्रिय संस्कृति र जागरण जरूरी रहेको उनको भनाइ छ ।

आइतबार बिहान सिंहदरबारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तहरूसँगको छलफलमा प्रधानमन्त्रीका रुपमा आफ्नो तेस्रो कार्यकाल सामाजिक न्याय, सुशासन र समृद्धिमा केन्द्रित हुने बताए ।

प्रधानमन्त्री दाहालले भने , "सामाजिक न्याय, सुशासन र समृद्धि नै सरकारको प्रमुख प्राथमिकतामा छ । सचिवहरूसँगको छलफलमा पनि मैले त्यही कुरा प्राथमिकताका साथ राखेको छु ।"

जनताले आफूहरुप्रति आशाको नजरले हेरिरहेको भन्दै उनले भने , "अब केही नयाँ हुन्छ, सुशासन र समृद्धि हासिल हुन्छ भन्ने आत्मविश्वास र प्रतिबद्धतासहित हामीले काम गर्नुछ। त्यसका लागि यहाँहरूको सहयोग चाहिन्छ ।"

"सत्ता साझेदार दलको न्यूनतम साझा कार्यक्रममा पनि सुशासनलाई उच्च प्राथमिकता दिएका छौँ", उनले भने , "सुशासन राज्यको आम जिम्मेवारी भएकाले सरकार गम्भीर छ ।"

उनले भ्रष्टाचार निवारण एउटा मात्र निकायले गर्न नसक्ने भन्दै सामाजिक चेतना र संस्कृतिको प्रश्न पनि भएको बताए । आम जनताको चेतना र पहलसँग पनि यसको सम्बन्ध रहने भन्दै उनले भ्रष्टाचार निवारणमा राज्यको जिम्मेवारी प्रमुखरूपमा रहने भन्दै आफू गम्भीर जिम्मेवारमा रहेको बताए ।

"मन्त्रिपरिषदको पहिलो बैठकमै सुशासनको विषय गम्भीररूपमा गरिएको छ। यसमा यहाँहरूको सहयोग चाहिन्छ", प्रधानमन्त्री दाहालले भने , "आयोगका लागि आवश्यक ऐन संशोधन, क्षमता अभिवृद्धि, संरचनागत सुधारका काममा सरकारको पूर्ण सहयोग हुनेमा प्रतिबद्धता व्यक्त गर्दछु ।"

नेपालका कर्मचारी संसारका कुनै पनि कर्मचारीतन्त्रभन्दा कमजोर नभएको उल्लेख गर्दै उहाँले सुरक्षा अङ्गको कार्यक्षमता पनि राम्रो रहेको तर राजनीतिक नेतृत्वमा इच्छाशक्तिको कमी र सरकारको भूमिकाका कारण सही व्यवस्थापन गर्न नसकिएको धारणा व्यक्त गरे ।

छलफलका क्रममा आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले वर्तमान सरकार गठनपछि सुशासनका पक्षमा गरिएको प्रारम्भिक प्रयासले आफूहरू उत्साहित भएको बताए ।

प्रधानमन्त्री दाहालले नेपाल सरकारका सचिवलाई गर्नुभएको निर्देशनात्मक सम्बोधनले आयोग उत्साहित भएको र राज्यका सबै अंगहरू जिम्मेवार भएर लाग्दा भ्रष्टाचार नियन्त्रणमा अपेक्षित परिणाम हासिल गर्न सकिने उनले बताए ।

आयोगले संसद्मा विचारधीन ऐन संशोधनको प्रस्तावलाई अगाडि बढाउन, आयोगको क्षमता अभिवृद्धि र कार्यक्षेत्र बिस्तारका निम्ति अभिभावकीय भूमिका निर्वाह गर्न पनि प्रधानमन्त्रीसमक्ष आग्रह गरेको छ । छलफलमा प्रधानमन्त्री दाहालले भ्रष्टाचार निवारणका निम्ति आयोगका सबै सकारात्मक प्रस्तावहरू सम्वोधन गर्न आफू तत्पर रहेको उल्लेख गरे ।रासस

# डेढ सय विद्यार्थी एउटै कक्षामा

गोलबजार, २४ पुस
सप्तरीको बलान बिहुल गाउँपालिका-४ बेल्हीस्थित जनता आधारभूत विद्यालयको पठनपाठन दुई शिक्षकका भरमा हुँदै आएको छ। उनीहरुले आठ कक्षासम्मका विद्यार्थीलाई पढाउँदै आएका छन् । नेपाल-भारत सीमा नजिक रहेको उक्त विद्यालय २०११ सालमा स्थापना गरिएको हो ।

विद्यालयमा दुई बालविकास सहयोगी तथा एक कार्यालय सहयोगी कार्यरत छन् ।

शिक्षक अभावले बालविकास कक्षाका साथै कक्षा १ र २ लाई एउटै ठाउँमा राखेर पढाउने गरिएको छ । यस्तै कक्षा ३, ४ र ५ तथा कक्षा ६, ७ र ८ का विद्यार्थीलाई एउटै ठाउँमा राखेर कक्षा सञ्चालन गर्नुपरिरहेको प्रधानाध्यापक नेतीलाल यादवले बताए । सो विद्यालयमा बालविकास कक्षामा ४० तथा कक्षा १ देखि ८ सम्म दुई सय ६९ विद्यार्थी अध्ध्यनरत छन् ।

कक्षा छ मा ४०, कक्षा सातमा ५७ तथा कक्षा आठमा ५४ विद्यार्थी अध्ययनरत रहेका प्रअ यादवले बताए । "डेढ सय विद्यार्थी एउटै ठाउँमा राखेर पठाउनु परिरहेको छ", उनले भने , "यसरी कक्षा सञ्चालन गर्दा शिक्षक र विद्यार्थीलाई असहज हुने गरेको छ, यो बाहेक हामीसित अरु उपाय छैन ।"

विद्यालयमा निमावि राहततर्फ एउटा तथा प्राथमिक तहमा दुई स्थायी दरबन्दी खाली छ । विद्यालयको समस्याप्रति गाउँपालिका शिक्षा शाखा अनविज्ञ छ । शाखा प्रमुख दिनेशकुमार मण्डलले यसबारे विद्यालय, गाउँपालिका अध्यक्ष र वडाध्यक्षलाई जानकारी हुनसक्ने बताए ।

विद्यालयमा चार बजेसम्म पठनपाठन कमै हुने यहाँ अध्ययनरत विद्यार्थी बताउँछन् ।"दुई बजेपछि विद्यालयमा खासै पढाइ हुँदैन, त्यत्तिक्कै बसेर के



गर्नु ?", कक्षा सातमा अध्ययनरत रञ्जना मण्डलले भने ,"सबै विषयको पढाइ कहिल्यै हुँदैन ।"

बालविकास कक्षा सहयोगी निलमकुमारी राम एउटै ठाउँमा धेरै विद्यार्थी राखेर पढाउँदा पठनपाठन प्रभावकारी नहुने बताउछन । "शिक्षक अभावले तीन कक्षाका विद्यार्थी एउटै ठाउँमा राख्नुपर्ने बाध्यता छ, विद्यार्थीलाई सम्हाल्नै मुश्किल हुन्छ ।"

प्रअ यादवको पनि आफ्नै समस्या छन् ।"विद्यालयकै कामले विभिन्न ठाउँमा जानुपर्ने हुन्छ, सधैं विद्यालयमा भइन्न", उनले भने । विद्यालय व्यवस्थापन समितिका सदस्य ओमप्रकाश यादवले दरबन्दी अनुसारको शिक्षक नआउँदासम्म समस्या भइरहने बताउछन ।

बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव चाँडै दुई शिक्षक नीजि श्रोतमा राखेर समस्या समाधान गरिने बताउनुहुन्छ। विद्यालयमा शिक्षक मात्र होइन फर्निचरको समेत अभाव छ । "सबै विद्यार्थीलाई बस्न बेञ्चको अभाव छ", प्रअ यादवले भने ।

विद्यालयसित रहेको सात कट्ठा जग्गा पनि अतिक्रमणको चपेटामा परेको छ। विद्यालयको घेरपर्खाल समेत छैन ।

प्रदेश सामाजिक विकास मन्त्रलयअन्तर्गतको सामाजिक विकास एकाइको सहयोगमा रु २५ लाखको लागतमा हालै दुईकोठे पकी भवन निर्माण गरिएको छ । रु ५० लाखको लागतमा यहाँ चारकोठे भवन निर्माण गरिँदैछ। रासस

## इन्ट्रीको नाममा अवैध ..................................

लिया भनी दुखेसो सुनाए ।

यति मात्र पथलैया औधोगिक कोरिडोरमा समान अनलोड गरि खाली ट्रक भारत लिएर जाने बेलामा ती मालवाहक गाडीसँग फर्किने बेलामा समेत करिब तीन ठाउँमा बिना रसिद ५ सय दिनु परेको चालकहरुले गुनासो गरेका छन् । कामै न लाग्ने पुराना मोडेल मापदण्ड विपरित चल्ने गाडी, क्षमता भन्दा ५ टन भन्दा बढी माल बोक्ने ट्रक लगायतका मालवाहक गाडीलाई जरिवानाका लागि यातायात कार्यालय पठाउने र क्षमता भन्दा ५ टन कम ओभरलोड गाडीबाट ट्राफिकले नै एक हजार ५ सयदेखि २ हजारसम्म रसिद काटेर जरिवाना लिने हो । तर त्यस्तो गरेको देखिदैन ।

## आज जसपाको संसदिय ..................................

निर्वाचनमै जान निर्णय गरेपछि चुनावी प्रक्रियामा गएको हो । सोही अनुसार
केन्द्रिय सदस्य लालकिशोरको संयोजकत्वमा गठित निर्वाचन समितिले पुस २४ गतेदेखि २५ गते बेलुका ६ बजेसम्म सहितको मतदाता नामावलीदेखि मतदानसम्मको निर्वाचन तालिका सार्वजनिक गरेको छ ।

निर्वाचन तालिका अनुसार पुस २४ गते आइतवार बेलुका ४:३० बजे मतदाताको नामावली प्रकाशन, ४:३० बजे देखि ५:३० बजे सम्म मतदाता नामावली माथि दावी विरोध र संशोधन, बेलुका ५:३० बजे देखि ६ बजे सम्म अन्तिम नामावली प्रकाशन गरिएको छ । निर्वाचन तालिका अनुसार सोमबार बिहान ९ देखि ११ बजेसम्म दलको नेताका लागि उम्मेदवारहरुको मननोयन पत्र दर्ता गर्ने समय तोकेको छ । यस्तै, ११:३० बजेसम्म उम्मेदवारको नामावली प्रकाशन, ३:३० बजेसम्म नाम फिर्ता लिने र ४ बजेसम्म दाबीविरोधका लागि समय निर्धारण गरिएको छ । दिउँसो ४:३० बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, साँझ ५ देखि ६ बजेसम्म मतदान र ६:३० बजेदेखि मतगणना गर्ने तालिका रहेको निर्वाचन समितिका संयोजक साहले जानकारी दिए ।

जसपा मधेस प्रदेशसभाको संसदीय दलको नेताका लागि मुख्यमन्त्री लालबाबु राउत, निवर्तमान सभामुख सरोजकुमार यादव र उपनेता रामअशिष यादव प्रमुख दाबेदार छन् । राउतको नाममा सहमति जुट्न नसकेपछि निर्वाचन मार्फत् दलको नेता चयन गर्न लागिएको हो । मधेस प्रदेशसभामा जनता समाजवादी पार्टीका १६ जना प्रदेशसभा सदस्य छन् । यसैविच संसदीय दलको नेता छनौट कार्यमा कसैले तत्काल कायम रहेको सांसदहरुको बहुमत प्राप्त नगरेमा सबै भन्दा धेरै मत प्राप्त गर्ने दुई जनाको विच पुनः निर्वाचन पुस २६ गते विहान १० बजेदेखि ११ बजे सम्म गर्ने कार्य तालिका सार्वजनिक भएको छ ।

## शिक्षिकाको लापरवाहीले ..................................

गएपछि अस्पताल पुर्‍यायौं, तवसम्म ढिलो भईकेको रहेछ । शिक्षकको विश्वासमा पर्दा आज मेरी छोरी गुमाउनु पर्‍यो ।'

सृजनाको उपचारको क्रममा फूलकुमारी मेमोरियल अस्पताल कर्जन्हामा शनिवार राती करिव १२ बजे मृत्यु भएको अभिभावकले बताएको छ । विद्यालयले ह्वाईटवोर्ड सफा गर्न स्प्रीट ल्याउने गरेको बताइएको छ ।

अस्पलले फोक्सो पुरै सेतो भईसकेको र अक्सिजनको कमिका कारण सृजनाको मृत्यु भएको अस्पतालका डा. श्यामकुमार साहले जनाएका छन । उनले भने,"फोक्सो सेतो हुनुको कारण भने फोरेन्सिक जाँचबाट मात्र खुल्ने हो।" एक्स रे मा फोक्सो कालो देखिनु पर्ने तर सवै सेतो देखिएको डाक्टर साहको भनाई छ ।

मृतकका वुवा धर्मेन्द्रले भक्कानिदै भने , "विद्यालयका फाउन्डर समेत रहेका तिवारीले ठिक समयमा सहि सुचना नदिएकै कारण छोरीको मृत्यु भएको छ ।" उनले विद्यालयको लापरवाहीले छोरीको ज्यान गएको भन्दै कानुन बमोजिम कारवाही हुनुपर्ने माँग सहित ईलाका प्रहरी कार्यालय मिर्चैयामा ४ जना विरुद्ध जाहेरी दर्ता गराएको बताए । विद्यालयकै लापरवाहीले छोरीको ज्यान गएको भन्दै विद्यालयका संस्थापक तथा प्रिन्सिपल प्रदिप तिवारी,नेपाली शिक्षिका अम्विका लम्साल,भाइस प्रिन्सिपल टिका राम कार्की,र विष्णु हरी घिमिरे उपर किटानी जाहेरी दर्ता गराएको परिवारजनले जनाएको छ ।

प्रहरीले सृजनाले शुक्रवार स्कूलकै एक शिक्षिकाले दिएको औषधी खानेक्रममा पानीको सट्टा स्प्रीट पीएको बताए । इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डिएसपी हरी वहादुर वलीले सृजनाको हातमा पानीको सट्टा कसरी स्प्रीट पुग्यो भन्ने विषयमा छानविन भईरहेको जनाए । उनले भने, 'स्कूलले पनि घटना स्वीकार गरिसेको छ, उनले स्प्रीट पिउने अवस्था कसरी भयो भन्ने विषयमा अनुसन्धान जारी छ । प्रहरीले परिवारजनले दिएको जाहेरीको आधारमा अनुसन्धानको लागि औषधी दिने शिक्षीका अम्विका लम्साल र प्रिन्सिपल प्रदिप तिवारीलाई नियन्त्रणमा लिएको डिएसपी ओलीले जानकारि दिए । उनले भने,"नियन्त्रणमा लिएर छानविन गरिरहेका छौं।'

# अमेरिकामा एक नेपालीको हत्या

एजेन्सी, २४ पुस । अमेरिकाको कोलोराडोमा एक नेपालीको गोली हानी हत्या गरिएको छ ।

कोलोराडोस्थित एक कन्भिनियन्स स्टोरका मालिक भेषराज लामिछानेको एक बन्दुकधारीले गोली चलाउँदा मृत्यु भएको समाचार एजेन्सीले जनाएको छ ।

तनहुँको दमौली घर भइ करिब ८ वर्षदेखि कोलोराडोमा बस्दै आएका भेषराजको घटनास्थलमै मृत्यु भएको हो ।

उनी सन् २०१४ मा डिभी परेर अमेरिका पुगेका थिए । ५३ वर्षीय लामिछानेको हत्यामा संलग्न सन्दिग्ध अपराधीलाई प्रहरीले घटनास्थलभन्दा केही परबाट पक्राउ गरेको छ ।

सन्दिग्ध अपराधीले पहिले उनमाथि आक्रमण गरेको र त्यसपछि गोली चलाएर उनको हत्या गरेको कोलोराडोस्थित हुइट्रिज प्रहरीले जनाएको छ । सन्दिग्ध अपराधी २६ वर्षीय स्वानाथन डि एन्जेलो भएको प्रहरीले जनाएको छ ।

## क्रिकेटमाथि नेपालमा श्रृंखलावद्ध ..................................

बनाएर प्रतियोगिताको सम्पूर्ण अधिकार यस्ता विवादास्पद कम्पनीलाई सुम्पने क्यान पदाधिकारीको नियतमाथि नै सबैभन्दा पहिलो प्रश्न खडा हुन पुगेको छ ।

क्यानले सार्वजनिक खरिद ऐन विपरीत ग्लोबल टेन्डर आह्वान नै नगरी चोरबाटोबाट सेभनथ्रीस्पोर्टसलाई नेपाल टी-२० लिगको आधिकारिकता सुम्पिएको थियो । शुरुमा कमर्शियल पार्टनर भनिए पनि सम्झौतापत्र अनुसार प्रतियोगिताको सम्पूर्ण महत्वपूर्ण अधिकार सो कम्पनीलाई नै दिइएको छ ।

क्यानले भारतीय कम्पनीलाई प्रतियोगिताको आयोजनाको अधिकार दिएको विरोधमा राष्टिय टोलीका पूर्वखेलाडी तथा एभरेष्ट प्रिमियर लिगका आयोजक अमिर अख्तरले सर्वोच्च अदातलमा रिट नै दायर गरेका थिए ।

उनले त्यति नै बेला विदेशी कम्पनीलाई यसरी ल्या(उँदा उसले कालो धन भित्र्याउन सक्ने, क्रिकेटमा फिक्सिङ हुन सक्ने र भ्रष्टाचार बढ्न सक्ने भन्दै क्यानलाई त्यसो नगर्न सचेत गराएका थिए तर उनले उठान गरेका विषयमाथि कुनै सुनुवाई भएन ।

पटक-पटक मिति सरेर अन्तिममा गत २४ डिसेम्बरदेखि काठमाडौंको त्रिभुवन विश्वविद्यालय खेल मैदानमा चलिरहेको ६ टोली सम्मिलित नेपाल टी-२० लिगको खेलहरुसँगै एकपछि अर्का विवादास्पद घटनाहरु अगाडि आइरहेका छन् ।

प्रतियोगिताका ६० प्रतिशत खेलहरु सम्पन्न भइसकेको अवस्थामा जनवरी २ तारिखका दिन प्रतियोगिताका आधिकारिक कमेन्टेटर सचिन ति(मिल्सिनाले फेसबुक लाइभमार्फत केही खेलाडीको नाम तोकेरै 'प्रतियोगिता गलत मानिसहरुको हातमा गइसकेको, नेपाल टी-२० लिगमा स्पट फिक्सिङ र सट्टेबाजी भइरहेको, त्यसैकारण आफू प्रतियोगिताबाट अलग भएको' सार्वजनिक गरेपछि एकाएक यहाँको माहोल तात्न पुगेको थियो ।

तिमिल्सिनाको यस्तो घोषणा लगत्तै काठमाडौं नाइट्सका कप्तान ज्ञानेन्द्र मल्लले समेत आफ्नो एक खेलाडीलाई 'फिक्सिङ'को प्रस्ताव आएको बताएपछि भने यस विषयले क्यान र राष्ट्रिय खेलकुद परिषद्को मात्र होइन गृह मन्त्रालय र नेपाल प्रहरीको समेत ध्यान आकर्षण गरेको थियो ।

क्रिकेटको सर्वोच्च निकाय आइसीसीले समेत यो विष(यमाथि चासो देखाउँदै आवश्यक कदम अघि बढाएको छ । नेपाल टी-२० लिग शुरु हुनुभन्दा अघिबाटै विदेशी खेलाडीको श्रमस्वीकृतिदेखि उनीहरुको पारिश्रमिक भुक्तानीसम्मका विषयहरुमा विवाद रहँदै आएका थिए । गत मंगलवार पारिश्रमिक विवादकै कारण काठमाडौं नाइट्स र विराटनगर सुपर किंग्सबीचको खेलको टस हुन नसक्दा दुई घण्टा खेल अवरुद्ध हुन पुगेको थियो ।

आयोजक सेभेनथ्रीस्पोटर्सका मालिक पनि सम्पर्की(वहिन भएपछि क्यानले आयोजकले नदिए आफूले ब्यहोर्ने आश्वासन दिएपछि दुई घण्टा ढिलोगरी ९-९ ओभरको खेल खेलाइएको थियो । जनवरी ११ तारिखसम्म चल्ने भनिएको नेपाल टी-२० लिग आजका दिनसम्म जसोतसो गर्दै चलिरहेको छ तर पारिश्रमिक विवादकै कारण कुनै पनि बेला प्रतियोगिता रोकि(नसक्ने सम्भावना भने कायमै छ ।

नेपाल टी-२० लिगमा सम्झौता अनुसार तोकिएको समयमा पारिश्रमिक नपाएर निराश बनेका विदेशी खेलाडीहरु 'स्पट फिक्सिङ' को प्रसङ्गले झनै झस्किएका छन् । स्पट फिक्सिङको विषयमाथि प्रहरीको केन्द्रिय अनद्रसन्धान ब्यूरोले नै अनद्रसन्धान थालेका कारण धेरै विदेशी खेलाडीहरु प्रहरीको उच्च निगरानीमा रहेको बताइएको छ ।

यसकारण पनि विदेशी खेलाडीहरुमा एक किसिमको असुरक्षाको भावना पैदा भएको समाचार छ । आधा दर्जनजति नाम चलेका विदेशी खेलाडी र प्रशिक्षक तबीचमै प्रतियोगिता त्यागेर स्वदेश फर्किसकेका छन् भने केही फर्कने क्रममा रहेको बताइएको छ । यसले विश्वभर नेपाली क्रिकेटको विषयलाई लिएर गलत सन्देश प्रवाह गरेको छ, जसका कारण अबका दिनमा नेपालमा आयोजना हुने यस्ता प्रतियोगिताको विश्वस(नीयताप्रति विदेशी खेलाडीहरु विश्वस्त हुन धेरै गाह्रो पर्ने निश्चित छ ।

विवाद नै विवादका बीच सञ्चालन भइरहेको नेपाल टी-२० लिग प्रतियोगिताले आम दर्शकलाई समेत आकर्षित गर्न सकेको छैन । प्रतियोगितामा दर्शकह(रुको उपस्थितिले यस्तै देखाएको छ । आयोजकले शुरुमा रंगशालामा गएर प्रतियोगिता हेर्नका लागि प्रवेश शुल्क तीन सय रुपैयाँ तोकेको थियो ।

प्रतियोगिताको उद्घाटनकै दिन त्रिवि खेल मैदानमा दर्शकको उपस्थिति नगण्य रहेको थियो भने दोस्रो र तेस्रो दिनमा समेत मैदानमा पुगेर खेल हेर्न दर्शकको संख्या ज्यादै कम रह्यो ।

चर्को प्रवेश शुल्कका कारण दर्शक नआएको भन्दै आयोजकले त्यसलाई घटाएर एक सय रुपैयाँमा झ(ार्दा शर्कसमेत दर्शकको उपस्थिति बढ्न सकेन । त्यति गर्दा पनि प्रतियोगिता हेर्न दर्शक नआएपछि आयोजकले अहिले प्रवेश निःशुल्क गरेको समाचार बाहिरिएको छ । यस घटनालाई पनि प्रतियोगिताको असफलताका रुपमा हेर्न सकिन्छ ।

तत्काललाई नेपाल टी-२० लिगमा भइरहेको भनिएको 'स्पट फिक्सिङ' को विषयमाथि क्यान, राखेप, नेपाल प्रहरीदेखि आइसीसीका प्रतिनिधिहरुले समेत सुक्ष्म निगरानी र अनुसन्धान गरिरहेको समाचार छ ।

प्रतियोगिता चलिरहेको अवस्थामै सम्पर्कविहीन भएका भनिएका सेभनथ्रीस्पोर्टसका मालिक अहिले सम्पर्कमै रहेको र शुक्रवार उनले भारतबाटै एक करोड रुपैयाँ समेत पठाएको क्यानले बताएको छ ।

क्यान आफ्ना गलत निर्णयहरुको प्रतिरक्षा गर्दै स्पट पि(ञक्सिङ नभएको दावी गरिरहेको छ र यस्ता किसिमका घटना हुन नदिने प्रतिवद्धता पनि व्यक्त गरिरहेको छ तर घटनाको गहिराईमा पुगेर सत्यतथ्य बाहिर ल्या(उने र दोषीलाई कारवाही गर्ने कुराप्रति भने क्यान उदासीन नै देखिन्छ ।

पछिल्ला पाँच-सात वर्षभित्र यहाँ क्रिकेटका नाममा भएका विभिन्न अवाञ्छित गतिविधिका कारण आज नेपाली क्रिकेटले यो दूरावस्था भोग्नु परिरहेको छ । वास्तवमा भन्नुपर्दा नेपाली क्रिकेट अहिले अघोषित रुपमा संक्रमणकालीन अवस्थामा पुगेको छ ।

यसका सामु बेथिती र समस्याहरुको चाङ उभिएको छ जसलाई मिलाउँदै र पन्छाउँदै नेपाली क्रिकेटलाई पुनः एकपटक माथि उठाउनु पर्ने चुनौति हाम्रा सामु खडा भएको छ । तर तत्काललाई नेपाली क्रिकेटमा देखिएको संकटको कालो बादल सजिलैसँग हटेर जाने लक्षण भने कहींकतै देखिएको छैन ।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार



जनवरी ८, २०२३ मा कञ्चनबुरीको इरावान राष्ट्रिय निकुञ्जमा झरनाबाट चिसो हुँदै एउटा परिवार । *(ज्याक टेलर / एएफपी द्वारा फोटो)*

# नेपाल टी-ट्वान्टी क्रिकेट : लुम्बिनी अल स्टार फाइनलमा

काठमाडौँ, २४ पुस

राजधानीमा जारी पहिलो संस्करणको नेपाल टी-ट्वान्टी क्रिकेट लिगमा लुम्बिनी अल स्टार जनकपुर रोयल्सलाई पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ । लुम्बिनीले जनकपुरलाई छ रनले हराएको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज जनकपुरले टस जितेर फिल्डिङ रोजेपछि लुम्बिनीले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय ४३ रन बनाएको थियो । एक सय ४४ रनको लक्ष्य पछ्याएको जनकपुरको पारी एक सय ३७ रनमा समेटियो । यस क्रममा जनकपुरले सात विकेट गुमाएको थियो ।

लुम्बीनीका लागि ब्याटिङ गर्ने क्रममा इशान पाण्डेले सर्वाधिक ३८ रन बनाए । यस्तै अनिल शाहले २४, विपुल शर्माले २०, श्याड्ली भानले १७ , लाहिरु मिलान्थाले १६ तथा कप्तान दिपेन्द्रसिंह ऐरीले १० रन बनाए । बलिङतर्फ जनकपुरका जितेन्द्र मुखिया, असन प्रियरन्जन र सोमपाल कार्मीले दुई/दुई तथा पवन सर्राफ र ट्राभोन ग्रिफिथले एक/एक विकेट लिए ।यसैगरी एक सय ४४ रनको लक्ष्य पछ्याउने क्रममा जनकपुरका लागि समिउल्लाह शिनवरीले सर्वाधिक ४५ रनको योगदान दिए । यस्तै पवन शर्राफले अविजित ३०, शारफुद्धिन असरफले २४, राजेश पुलामीले १३ र ट्राभोन ग्रिफिथले १० रन बनाए । बलिङतर्फ लुम्बिनीका दिपेन्द्रसिंह ऐरी, विपुल शर्मा र सागर ढकालले दुई/दुई तथा श्याड्ली भानले एक विकेट लिए । प्रतियोगिताको विजेताले रु ५५ लाख तथा उपविजेताले रु ३० लाख पुरस्कार प्राप्त गर्नेछ ।रासस

# राष्ट्रिय भलिबल : पुलिस र आर्मीको जित




काठमाडौँ, २४ पुस

सातौँ संस्करणको राष्ट्रिय महिला तथा पुरुष भलिबल च्याम्पियनसिपअन्तर्गत महिलातर्फको खेलमा नेपाल पुलिस क्लब विजयी भएको छ। त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा आइतवार भएको खेलमा पुलिस क्लब नयाँबजार सामाजिक युवा क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै विजयी भएको हो ।

खेलमा पहिलो सेट २५-१० ले आफ्नो पक्षमा पारेको पुलिस क्लबले दोस्रो २५-६ ले जित्यो । तेस्तै तेस्रो सेट पुलिस क्लब २५-८ ले विजयी भयो । यस जितसँगै पुलिसले प्रतियोगितामा तीन अङ्क जोडेको छ।

यसैगरी आइतवारै भएको महिलातर्फको अर्को खेलमा त्रिभुवन आर्मी क्लब कृष्ण माध्यमिक एकेडेमीलाई ३-० को सोझो सेटमा पराजित गर्दै विजयी भएको छ। आर्मीले कृष्ण माध्यमिक एकेडेमीमाथि पहिलो सेट २५-३ ले पराजित गऱ्यो भने खेलको दोस्रो सेट २५-५ ले हरायो । त्यस्तै आर्मीले खेलको तेस्रो सेट २५-१० आफ्नो पक्षमा पार्दै आफ्नो टोलीको जित सुनिश्चित गऱ्यो ।

च्याम्पियनसिपमा महिलातर्फ आठ टोली सहभागी छन् भने पुरुषतर्फ १४ टोलीले सहभागिता जनाएका छन् ।

च्याम्पियनसिपको महिला र पुरुषतर्फको विजेता टोलीले रु चार लाख पाउनेछ भने उपविजेताले रु दुई लाख प्राप्त गर्नेछ। त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख पाउनेछ ।रासस

# चीनले कोभिड नियन्त्रणका लागि खोप र व्यक्तिगत स्वास्थ्य सुरक्षामा जोड दिने

बेइजिङ, २४ पुस

चीनले पछिल्लो समयमा त्यहाँ विस्तारित भएको कोभिड १९ को सङ्क्रमणको नियन्त्रणका लागि कोरोना विरुद्धको खोपको बुस्टर मात्रा लागाउनुपर्नेमा जोड दिएको छ ।चीनले हालै सार्वजनिक गरेको कोरोना नियन्त्रण सम्बन्धी प्रोटोकलमा सो कुरामा जोड दिइएको चिनियाँ राजधानी बेइजिङबाट प्राप्त भएको समाचारमा जनाइएको छ।

सो समाचारअनुसार चीन सरकारले हाल त्यहाँ विस्तारित भएको सो सङ्क्रमणको नियन्त्रण गर्न बुस्टरकै दोस्रो मात्रा लागाउनुपर्ने तथा हरेक व्यक्तिले व्यक्तिगत सुरक्षा अपनाउनुपर्ने जनाइएको हो ।



सो प्रोटोकलअनुसार यहाँको कोभिड नियन्त्रण सम्बन्धी निकायले बढी उमेरका नागरिकलाई यस कार्यका लागि बढी मात्रामा जोड दिएको छ ।सो उमेरका नागरिकलाई खोपको बुस्टर मात्रा दिनुपर्ने र पहिलो बुस्टर मात्रा लगाएकाहरुलाई पनि दोस्रो मात्रा दिइनुपर्ने सो विभागले जनाएको छ ।

यसका साथै हरेक व्यक्तिले आफ्नो सुरक्षातर्फ आफै सतर्क र सजग हुनुपर्नेमा पनि जोड दिइएको सो समाचारमा जनाइएको छ। सो प्रोटोकलअनुसार यहाँका स्वास्थ्य अधिकारीहरुले अब कोरोना विरुद्धको खोप नलगाएका मानिसहरुको खोजी गरी सो खोप लगाउने र यदि पहिलो मात्राको बुस्टर खोप लगाएका व्यक्ति छन् भने उनीहरुलाई सो खोप लगाएको छ महिनापछि अर्को मात्रा लगाइने जनाएका हुन् ।

त्यसैगरी व्यक्तिगत रुपमा यो महामारीको नियन्त्रणका लागि व्यक्तिले पनि पहल गर्नुपर्ने र यसका लागि उनीहरुले अनिवार्य मात्रामा मास्क लगाउनुपर्ने तथा हात धुने या सरसफाई रहनुपर्नेमा पनि जोड दिइएको छ ।

पछिल्ला केही दिनयता चीनमा व्यापक मात्रामा कोरोनाका सङ्क्रमितहरु बढिरहेका बताइएको छ । त्यसपछि चीन सरकारले यो नयाँ स्वास्थ्य प्रोटोकल जारी गरेको जनाएको छ। (रासस/सिन्ह्वा)

# रुस र युक्रेन वार्ता गराउन टर्की इच्छुक



अङ्कारा २४ पुस

टर्कीले रुस र युक्रेनका बीचमा जारी रहेको युद्धको अन्त्य गरी शान्ति वार्ता गराउन इच्छुक रहेको जनाएको छ ।रुस र युक्रेनका बीचमा वार्ता गराउने सम्बन्धी कार्यका लागि टर्कीले इच्छा देखाएको र यसका लागि दुवै तर्फबाट स्थायी प्रकृतिको युद्धविराम गर्नुपर्नेमा पनि जोड दिएको जनाएको छ।

बिहीबार मात्र टर्कीका राष्ट्रपति रिसेप तैयप एर्डोगानले उनका रुसी र युक्रेनी समकक्षीसँग फोनवार्ता पनि गरेका थिए ।त्यस वार्ताका क्रममा पनि उहाँले रुस र युक्रेनका बीचमा हाल जारी रहेको युद्धको अन्त्यका लागि स्थायी प्रकृतिको युद्धविराम गर्नुपर्ने आग्रह गरेको उनको कार्यालयले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।

त्यस फोनवार्ताका क्रममा राष्ट्रपति एर्डोगानले आफू रुस र युक्रेनका बीचमा जारी रहेको युद्धको अन्त्यका लागि मध्यस्थता गर्न तयार रहेको बताएका थिए ।उनले रुस र युक्रेन दुबैलाई स्थायी युद्धविराम गर्न आग्रह गर्दै त्यसपछि आफूले शान्ति वार्ताको मध्यस्थता गर्ने बताएकाथिए ।

रुसले अघिल्लो वर्षको फेब्रुअरीदेखि युक्रेनमा हमला गरेको थियो । त्यसपछि अहिलेसम्म पनि रुसले युक्रेनका विभिन्न सहरमा हमला जारी नै राखेको बताइएको छ । शान्ति वार्ताका लागि विश्वका विभिन्न देशले आग्रह गरेको भए पनि यी दुई देशले मानेका छैनन् । (रासस/सिन्ह्वा)

# पेट्रो र मादुरोबीच फलदायी वार्ता



कारकस, २४ पुस

कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले शनिबार भेनेजुएलाका आफ्ना समकक्षी निकोलस मादुरोलाई भेट्नु भएको छ ।एक वर्ष लामो कूटनीतिक स्थिरतापछि उहाँहरुबीच यो दोस्रो भेटघाट भएको जनाइएको छ ।

कोलम्बियाका पहिलो वामपन्थी राष्ट्रपति पेट्रो शनिबार मध्य दिउँसो राष्ट्रपतिको दरबारमा आइपुग्नु भएको र दुई नेताहरूले काराकसमा करिब तीन घण्टा लामो वार्ता भएको जनाइएको छ । अगस्टमा पदभार ग्रहण गरेदेखि पेट्रोको सरकारले काराकससँग कूटनीतिक सम्बन्ध सुधार्ने काम गरिरहेको छ ।

भेनेजुएलाले कोलम्बियामा अझै पनि सक्रिय सशस्त्र समूहहरुसँग 'पूर्ण शान्ति' स्थापना गर्ने अभियानको वाचा पूरा गर्न खोजेकोले पेट्रोका लागि प्रमुख सहजकर्ताको रूपमा काम गरेको छ। दुई देशको असुरक्षित सीमामा काम गर्छन्।

सन् २०२२ को अन्त्यमा, पेट्रोले जनवरी १ देखि जुन ३० सम्म चल्ने पाँच सशस्त्र समूहहरूसँग द्विपक्षीय युद्धविराम घोषणा गर्दै त्यो मोर्चामा ठूलो प्रगति गरेको देखिन्छ । 'द्विपक्षीय युद्धविराम कायम राख्ने लक्ष्यमा कोलम्बिया सरकारलाई समर्थन गर्नेछ'शनिबार मादुरो-पेट्रो बैठकपछि जारी गरिएको संयुक्त विज्ञप्तिमा जनाइएको छ । (रासस/एएफपी)

# "अनुप स्मृति गोल्डकप" फुटबल प्रतियोगिताको उपाधि नेर्पालाई

खोटाङ, २४ पुस

'अनुप स्मृति आमन्त्रित गोल्डकप'को तेस्रो संस्करणको उपाधि नेर्पा स्पोर्टस क्लब नेर्पाले जितेको छ। दिक्तेलस्थित माटिकोरे खेलमैदानमा शनिबार भएको फाइनल खेलमा आयोजक दिक्तेल फुटबल क्लब (डिएफसी)लाई २-० ले पराजित गर्दै नेर्पाले उपाधि जितेको हो ।

यसअघि सञ्चालन भएको दोस्रो संस्करणको उपाधि पनि नेर्पाले जितेको थियो । खेलको सुरुदेखि नै बल आफ्नो पक्षमा राखेको नेर्पाले गोल भने अन्तिम समयमा गर्न सफल भयो । दुवै गोल अन्तिम समयमा भएको हो ।

उपाधि विजेता नेर्पाले नगद रु दुई लाख ५१ हजारको साथमा गोल्डकप, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगिताका उपविजेता डिएफसीले नगद रु एक लाख ११ हजारसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । विजेता र उपविजेता टिमलाई अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का महासचिव किरण राईले पुरस्कार हस्तान्त्रण गर्नुभएको थियो। सेमिफाइनलिष्ट चियाबारी फुटबल क्लब इलाम र मानेभन्ज्याङ स्पोर्टस क्लब ओखलढुङ्गाले नगद रु २५-२५ हजारसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

खेलको विद्यागततर्फ उत्कृष्ट गोलरक्षक (डिएफसी)का सन्दीप लिम्बू, उत्कृष्ट डिफेन्स (डिएफसी)कै टेकेन रानामगर, उत्कृष्ट मिडफिल्डर (डिएफसी)का विशाल तामाङ, उत्कृष्ट स्ट्राइकर नेर्पाका बिजु भुजेल, योङगेष्ट प्लेअर अफ द टुर्नामेण्ट दिक्तेलका भूषण ताम्राकार घोषित भएका छन् ।

यस्तै सर्वाधिक गोलकर्ता नेर्पाका बिकी राई, खेलभरिकै उत्कृष्ट खेलाडी (डिएफसी)का मनिष लिम्बू, उत्कृष्ट टिम प्रशिक्षक नेर्पाका बिरेन गुरुङ र अनुशासित टिमको उपाधि (डिएफसी)लाई प्रदान गरिएको छ।

विद्यागत उत्कृष्ट हुने खेलाडी, प्रशिक्षक र टिमले जनही नगद रु पाँच हजार पाँच सय ५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

माउण्ट एभरेष्ट इङ्ग्लिस बोर्डिङ स्कुल र दिक्तेल फुटबल क्लबको आयोजना तथा खोटाङ फुटबल एकेडेमी (केएफए)को सहआयोजनामा पुस १७ गतेबाट प्रतियोगिता सुरु भएको थियो । प्रतियोगितामा खोटाङका विभिन्न सातवटा क्लब तथा ओखलढुङ्गा, सुनसरी र इलाम जिल्लाका खेलाडीको सहभागिता थियो।

माउण्ट एभरेष्ट स्कुलको नर्सरीमा अध्ययनरत अनुप राईको विसं २०६८ जेठ २ गते दिक्तेलस्थित पुरानो बैंकचोक नजिक सवारी दुर्घटनामा ज्यान गएको थियो । उनै विद्यार्थी अनुपको सम्झनामा माउण्ट एभरेष्ट स्कुलले प्रत्येक वर्ष अनुप स्मृति गोल्डकप गर्दै आएको छ।

प्रथम संस्करणमा रु एक लाख ११ हजार एक सय ११ र दोस्रो संस्करणमा रु एक लाख ५१ हजार एक सय ११ पुरस्कार राशि राखिएको थियो । यसअघिका दुई संस्करण गोल्डकपको रूपमा सञ्चालन भएको अनुप स्मृति गोल्डकपलाई यस पटकबाट आमन्त्रित गोल्डकपमा परिणत गरिएको मूल आयोजक समितिका संयोजक सागर जोशीले बताउनुभयो । अनुप स्मृति गोल्डकपको तेस्रो संस्करण गत वर्षहरूको बाँकी रकम, विभिन्न दाता, स्थानीय सरकार र व्यापारिक कम्पनीबाट आर्थिक व्यवस्थापन गरेर प्रतियोगिता गरिएको आयोजकले जनाएको छ । प्रतियोगिता शुभारम्भ तथा समापन कार्यक्रममा हालै निधन भएका ब्राजिली फुटबलर पेलेप्रति सम्मानस्वरुप भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरिएको थियो ।रासस

# पोखरिया नगर सभाको तेश्रो बैठक

इन्द्रदेव प्र. चौरसिया
वीरगंज, २४ पुस ।
पोखरिया नगरपालिकाको छैठो नगर सभाको तेश्रो विशेष बैठक आइतवार सम्पन्न भएको छ ।

नगर प्रमुख प्रद्युमन प्रसाद चौहान को अध्यक्षता मा सम्पन्न तेश्रो विशेष सभामा उपप्रमुख रूबी कुमारी ठाकुर , पोखरिया नगर पालिका को प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियार , वडा अध्यक्षहरु, नगरपालिकाका बोर्ड सदस्य एवं वडा सदस्यहरुको सहभागिता रहेको थियो ।

विशेष नगर सभाले नगरपालिकाका आगामी योजनाको बजेट तर्जुमा, थप गर्नु पर्ने बजेट र नगरपालिकाका विभिन्न ऐन कानुनहरुको परिमार्जन गर्दै आर्थिक ऐनलाई समेत संशोधन गरी सभा सम्पन्न भएको पोखरीया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले बताए ।




# संस्थानद्वारा मानवसेवाका आश्रितलाई न्यानो कपडा




मधेशदृष्टि
वीरगंज, २४ पुस । साहिब दरबार सेवा संस्थानले मानवसेवा आश्रम वीरगञ्जमा आश्रीतका लागि न्यानो कपडा उपलब्ध गराएको छ । मानसिक अवस्था तथा अन्य विभिन्न कारणबाट सडकमा भौतारिएकाहरुलाई आश्रमले आश्रय दिएर राखेको छ । सडक मानवको उद्धार गर्दै आएको आश्रममा अहिले ४९ जना सहयोजापेक्षी रहेका छन् । सबैलाई एक एक थान पुग्ने गरी ५० थान न्यानो कपडा (कम्बल) उपलब्ध गराइएको संस्थानका अध्यक्ष उमेशलाल सहनीले बताउनुभयो । आश्रममा रहेका सहयोगापेक्षीहरु कठ्याङ्ग्रिदो जाडोमा समस्यामा नपरुन भनेर न्यानो कपडा उपलब्ध गराइएको सहनीले जानकारी दिए । संस्थानले शुक्रबार मात्रै वीरगञ्जको विभिन्न स्थानमा खुला सडकमा रात विताउन बाध्य ३० जना भन्दा बढीलाई न्यानो कपडा उपलब्ध गराएको थियो ।


# कानून विपरितका क्रसर उद्योग बन्द

मधेशदृष्टि
वीरगंज, २४ पुस । पर्सा जिल्लामा कानुन विपरित सञ्चालनमा रहेका सम्पूर्ण क्रसर उद्योगहरु आइतवारदेखि पूर्ण रुपमा बन्द भएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्साले एक सूचना जारी गर्दै कानुन विपरित दर्ता नगरी, नविकरण तथा संचालन अनुमति नलिई पर्सामा कानून विपरित संचालित क्रसर उद्योग बन्द गर्न भनेको छ ।

कानून विपरित संचालनमा रहेका ढुङ्गा, गिटी, रोडा तथा बालुवा उत्खनन, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरु तथा विभिन्न आयोजना विकास तथा निर्माणको क्रममा सोही आयोजनाको लागि आवश्यक परिमाणमा ढुङ्गा, गिटी, रोडा तथा बालुवा उत्खननको अनुमति प्राप्त उद्योग, निर्माण व्यवसायीले आयोजना सम्पन्न भए पश्चात पनि त्यस्तो उत्खनन कार्य गरि रहेको हुँदा यस्तो कार्य आजको मितिले बन्द गर्न चेतावनी दिईएको छ ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी महेश राज तिम्सीनाद्वारा जारी सूचनामा कोही कसैबाट


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्सा
(स्थानीय प्रशासन फाँट)

प्र.जि.अ. ५२-२११०
निवास ५२-२२८२
स.प्र.जि.अ ५२-२०४७
०५१-५२४०६६

पत्र संख्या : स्था. प्र.
च.नं. :

**क्रसर उद्योग बन्द गर्ने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०७९-०९-२४)

प्रचलित कानून विपरित दर्ता नगरी, नविकरण तथा संचालन अनुमति नलिई यस जिल्ला भित्र संचालनमा रहेका ढुङ्गा, गिट्टी, रोडा तथा बालुवा उत्खनन, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरु तथा विभिन्न आयोजना विकास तथा निर्माणको क्रममा सोही आयोजनाको लागि आवश्यक परिमाणमा ढुङ्गा, गिट्टी, रोडा तथा बालुवा उत्खननको अनुमति प्राप्त उद्योग/निर्माण व्यवसायीले आयोजना सम्पन्न भए पश्चात पनि त्यस्तो उत्खनन कार्य गरिरहेको भए सो समेत मिति २०७९/०९/२४ गते देखि लागू हुने गरी बन्द गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना विपरित कोही कसैबाट रोडा, ढुंगा, गिट्टी तथा बालुवा उत्खनन तथा दोहन गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

महेश राज तिम्सिना
सहायक प्रमुख जिल्ला अधिकारी

रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा उत्खननन तथा दोहन गरेको भेटिएमा कडा कारवाही गरिने जनाईएको छ । गृहमन्त्रालयले गत पुस २० गते देशका ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई मापदण्ड विपरीतका क्रसर उद्योग बन्द गर्न परिपत्र गरेको थियो ।

# आगो ताप्ने क्रममा दुईको मृत्यु, एक घाइते

मधेशदृष्टि
वीरगंज, २४ पुस । कठ्यांग्रिदो जाडो र शितलहरको कारण आगो ताप्ते क्रममा असावधानीका कारण वाराको पशुरामपुर र कलैयामा दुई महिला घाइते भएका छन ।

आइतवार दिउँसो १२ बजे आगो ताप्ने क्रममा वाराको सुवर्ण गाउँपालिका वडा नम्बर ५ पशुरामपुर निवासी शेखअली उल्लाहकी ७० बर्षिया श्रीमती रबुजन खातुनले आफ्नो घरमा बालिएको घुर ताप्ने क्रममा अचानक शरिरको माथिल्लो भागमा आगो सल्किएर घाइते भएको प्रहरीले जनाएको छ । घाइते महिलाको कलैया अस्पतालमा उपचार भई रहेको जिल्ला प्रहरी कार्यालय वाराले जनाएको छ ।

त्यसैगरी आगो ताप्ने क्रममा गएराति १० बजे वाराको कलैया उपमहानगरपालिका वडा नम्बर ६ मदर्शा टोल निवासी रामबोरक साहकी ३५ बर्षिया श्रीमती मंजु देवी साह शरीरमा आगो सल्की हात ,खुट्टा जली घाईते भएको र निजको कलैया अस्पतालमा समान्य उपचार पछि थप उपचारको लागी नारायणी अस्पताल बीरगंज भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय वाराका डिएसपी एवं प्रवक्ता राजेश थापाले बताएका छन् ।


फाइल फोटो

# २९ लाख बढीको अवैध सामाग्री नियन्त्रणमा

मधेशदृष्टि
वीरगंज, २४ पुस । बिल बिजक भन्दा २९ लाख ६९ हजार बढीको आलमुनियम, नरिवल तथा बदाम लोड रहेका माल वाहक ट्रकलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ ।

वीरगञ्जबाट झापातर्फ गईरहेको ना ६ ख ४७५६ नम्बरको मालवाहक ट्रकलाई जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको गस्ती टोलीले गएराति वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवा स्थित सडक खण्डमा रोकी चेकजाँच गर्ने क्रममा बिल बिजक भन्दा २९ लाख ६९ हजार ९ सय ३ रुपैया बढीको अवैध सामाग्री बरामद गरेको छ ।

आलमुनियम, नरिवल तथा बदाम बोकेको ट्रक बीरगंजको पूर्वाञ्चल ट्रान्सपोर्टबाट छुटेको भेटिएपछि ट्रकलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी एवं प्रवक्ता दिपक गिरीले बताएका छन् ।

ट्रकलाई आइतवार थप कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको गिरीले जानकारी दिए ।




# मेयर घरदैलो स्वास्थ्य शिविर प्रसौनी पुग्यो

मधेशदृष्टि
वीरगंज, २४ पुस । वीरगंज महानगरपालिकाले सञ्चालन गरेको मेयर घरदैलो स्वास्थ्य शिविर आइतवार वडा नम्वर २३ प्रसौनी विर्ता आइपुगेको छ । प्रसौनी विर्ताको स्वास्थ्य चौकीमा शिविर सुरु गरिएको महानगरको स्वास्थ्य महाशाखाका प्रमुख रितेश जयसवालले जानकारी दिनुभयो । शिविरमा निशुल्क स्वास्थ्य जाँच गर्नुका साथै आवश्यक औषधीसमेत निशुल्क वितरण हुँदै आएको छ ।

शिविरमा फिजिसियन उमेश सर्राफ, बालरोग विशेषज्ञ सागर गुप्ता र स्त्री रोग विशेषज्ञ जिन्नातुन नेसाले सेवा दिइरहेका छन् । यस्तै गाडीमै जडान गरिएको ल्याब, युएसजी र इसीजी मेसिनले शिविर संचालन भएकै स्थानमा आवश्यक जाँच गरेर रिपोर्ट दिने गरिएको छ । शिविरमा स्वास्थ्य जाँच गराएकाहरुलाई महानगरपालिकाले उनीहरुको स्वास्थ्य परीक्षण रिपोर्टको आधारमा विभिन्न ९८ प्रकारका औषधी निशुल्क उपलब्ध गराउँदै आएको छ । महानगरपीलकाले संचालन गरेको मेयर घरदैलो स्वास्थ्य शिविर अन्तरगत १० हजार भन्दा बढीले निशुल्क स्वास्थ्य जाँच गराउनुका साथै औषधी प्राप्त गरेका छन् ।

महानगरका ग्रामिण क्षेत्रका वडालाई लक्षित गर्दै यो कार्यक्रम संचालन गरिएको महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बताएका छन् ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल